**भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं**

**भूकम्पका कारण:**

- घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ।
- विद्युत् तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्दछ।

त्यसैले,

घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं।

घरवरिपरि तथा सार्वजनिक स्थल खुल्ला राखौं।
भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ २९ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 12 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६४

## पूर्वाधारविना स्वास्थ्य सेवा अधूरो –उपराष्ट्रपति

प्रस, वीरगंज, २८ माघ/

उपराष्ट्रपति रामसहाय यादवले पूर्वाधारविना कुनै पनि स्वास्थ्य सेवा अधूरो हुने बताएका छन्।




तस्वीर: प्रतीक

आइतवार नारायणी अस्पतालको मातृ तथा शिशु स्याहार वार्डको उद्घाटन गर्दै उनले देशकै पुरानो अस्पतालको रूपमा रहेको नारायणी अस्पतालमा सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गर्दै गएमा सर्वसाधारणलाई सहयोग पुग्ने उनको भनाइ थियो। उपराष्ट्रपति यादवले स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनुपर्नेमा जोड दिए।

नेपालमा अहिले प्रतिस्पर्धाले गर्दा स्वास्थ्य सेवामा विकास हुँदै गएको तर तराई क्षेत्रमा तुलनात्मक हिसाबले कम विकास भइरहेकाले सबैजना मिलेर सहयोग गर्नुपर्ने उनले बताए। उनले अस्पताल व्यवस्थापकले गुणस्तरीय सेवा दिन आवश्यक पूर्वाधारसहित बिरामीलाई बस्ने, भेट्ने समय, शौचालय, सहज औषधि उपलब्ध गराउन निर्देशन दिए।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले सामाजिक उत्तरदायित्व अन्तर्गत सबै कलकारखानाले आम्दानीको केही अंश सहयोग गरेमा चाँडै मुलुकको विकास हुने बताए। उनले वीरगंजको लागि ट्रमा सेन्टर खोल्ने तयारी पूरा गरेको जानकारी गराए।

वीरगंज पनि स्वास्थ्य क्षेत्रमा अगाडि बढ्दै गएकोमा खुशी व्यक्त गर्दै ट्रमा सेन्टरको लागि आवश्यक परे वीरगंज चिनी कारखानाको जग्गा उपलब्ध गराउने बताए। उनले सबै काम पूरा भइसकेको र चाँडै ट्रमा सेन्टर निर्माण कार्य अगाडि बढ्ने बताए।

कन्साइ नेरोलेक पेन्ट, वीरगंज महानगरपालिका र नारायणी अस्पतालको संयुक्त सहयोगमा ४५ लाख रुपैयाँको लागतमा २० शय्याको सुविधासम्पन्न मातृ तथा शिशु स्याहार भवन सञ्चालनमा आएको छ।

अस्पताल विकास समितिका अध्यक्ष धीरज गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा नेरोलेक पेन्टका प्रतिनिधि अशोक बैद, अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चितरञ्जन साह लगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा सङ्घीय सांसद अजय चौरसिया, प्रदीप यादव, प्रभु हजरा, प्रदेशसभा सदस्य जनार्दनसिंह क्षत्री, श्याम पटेल, नगरप्रमुख राजेशमान सिंह, उपप्रमुख इम्तियाज आलम, अजय द्विवेदीलगायतको सहभागिता थियो।

## महायज्ञले सामाजिक सद्भाव बढाउँछ

प्रस, वीरगंज, २८ माघ/

उपराष्ट्रपति रामसहायप्रसाद यादवले वीरगंजमा आयोजना गरिएको महायज्ञले यस भेगको जनताबीच आपसी सद्भाव बढाउने बताएका छन्।




तस्वीर: प्रतीक

वीरगंज-१४ चिनीमिल पिपरामा आयोजना गरिएको श्री सीताराम नाम संकीर्तन, १०८ कुञ्ज नौ दिवसीय विष्णु महायज्ञको उद्घाटन गर्दै उनले धर्मनगरको रूपमा चिनिने पिपराको नृसिंह मन्दिर, पशुपतिनाथ मन्दिर परिसरमा आयोजित यस अनुष्ठानले धार्मिक सहिष्णुता बढाइ जनताबीच सद्भाव, स्नेह कायम हुँदै समाज रूपान्तरणको लागि सकारात्मक सन्देश प्रवाह गर्ने उनले बताए।

प्राचीनकालमा भगवान् सीतारामको चरित्र र जीवनीको बारेमा कथाको माध्यमबाट वाचन गर्दै सकारात्मक सन्देश प्रसार गर्दै समाजलाई सुसज्जित, सहिष्णु र राम्रो बनाउन महायज्ञको धार्मिक अनुष्ठानले मदत गर्नेसमेत उनको धारणा थियो।

महायज्ञ आयोजना मूल समितिका अध्यक्ष एवं वीरगंजका वरिष्ठ उद्योगपति मुरलीधर रूँगटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल, महायज्ञका मुख्य प्राचार्य एवं जनकपुरधामका जगतनन्दन दास (पगलाबाबा), साध्वी लक्ष्मीमातालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा मूल समारोह समितिका संयोजक एवं उद्योगी अनिल रूँगटाले धन्यवाद दिएका थिए भने महायज्ञ व्यवस्थापन समितिका अध्यक्ष रामप्रवेश कुर्मीले स्वागत गरेका थिए।

कार्यक्रममा सङ्घीय सांसद अजय चौरसिया र प्रदीप यादव, प्रदेश सांसद एवं नेका पर्सा सभापति जनार्दनसिंह क्षत्री, प्रदेश सांसद श्याम पटेल, नेका पर्सा उपसभापति रामनारायण कुर्मीलगायतको सहभागिता थियो।

## पर्साको धोबिनी गापा पूर्ण खोप घोषणा

प्रस, परवानीपुर, २८ माघ/

पर्साको धोबिनी गाउँपालिका आइतवार पूर्णखोप घोषणा भएको छ। गापा परिसरमा आयोजित कार्यक्रममा उक्त पालिकालाई पूर्णखोप घोषणा गरिएको हो।




तस्वीर: प्रतीक

पालिकालाई जिल्ला समन्वय समिति, पर्सा एवं जिल्ला खोप समन्वय समिति, पर्साका सभापतिसमेत रहेका निरञ्जनप्रसाद सोनारले गापा अध्यक्ष मदन चौहानलाई पूर्णखोप घोषणा भएको प्रमाणपत्र हस्तान्तरण गरेका थिए।

कार्यक्रममा सभापति सोनारले पर्साका १४ वटा पालिकामध्ये १३ वटा पूर्णखोप घोषणा भएको र अब कालिकामाई गापा मात्र घोषणा हुन बाँकी रहेकोमा त्यसलाई पनि चाँडै घोषणा गर्ने तयारी भइरहेको बताए।

गापा अध्यक्ष चौहानले पूर्णखोप घोषणा भएपछि गापाका कुनै पनि बालबालिका आगामी दिनमा पनि पूर्णखोपको सेवाबाट नछुटून् भनेर स्वास्थ्यकर्मीहरूलाई आग्रह गरे।

गापा अध्यक्ष चौहानको अध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य कार्यालय, पर्साका प्रमुख एवं वरिष्ठ स्वास्थ्य प्रशासक डा मुक्तिनारायण साह, गापाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद साह, युनिसेफका प्रतिनिधि रणराज राना, स्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुर, धोबिनी गापाका स्वास्थ्य शाखा प्रमुख सञ्जय यादव, पाँचवटै वडाका अध्यक्ष, कार्यपालिका सदस्य, स्वयंसेविकालगायत कर्मचारीहरूको सहभागिता थियो।

यसअघि, माघ २६ गते जिल्ला खोप समन्वय समिति, पर्साको टोलीले गापाको विभिन्न वडाका टोल अनुगमन गर्दै सर्भे गरेपछि कोही पनि बालबालिका खोपबाट वञ्चित नभएको फेला पारेपछि माघ २८ आज पूर्णखोप घोषणा गर्ने सिफारिश गरेको थियो। सर्भेको क्रममा २३ हजार ३६६ जनसङ्ख्या रहेको सो पालिकामा ४३८ घरधुरी छन्। जसमध्ये १५ महीनामुनिका ५५९ जना र १६ देखि ५९ महीनासम्मका एक हजार ५२८ जना बालबालिका फेला परेका थिए भने दुईजना बालबालिका शून्य खोपको बच्चा भेटिएको थियो। १८५ जना बालबालिका खोप लिन छुटेको पत्ता लागेको थियो।

सो अवसरमा पाँचवटा वडाका ४५ जना स्वयंसेविकालाई झोला, टर्च, छाता प्रदान गर्दै दोसल्ला ओढाएर सम्मानित गरिएको थियो।

## मिटरब्याजसम्बन्धी कानून विषविनाको सर्पजस्तै –पीडित पक्ष

प्रस, निजगढ, २८ माघ/

मिटरब्याजसम्बन्धी शक्तिशाली आयोग गठन हुनुपर्ने, मिटरब्याजसम्बन्धी कानून संशोधन गर्नुपर्ने, साहुमहाजनहरूको सम्पत्ति शुद्धीकरण हुनुपर्ने, पक्राउ परेका सम्पूर्ण पीडितहरू सम्मानजनकरूपमा सरकारले रिहाइ गर्नुपर्नेलगायतका माग राखी मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समिति, नेपालको अगुवाइमा शुरू भएको पैदल मार्च आइतवार बाराको निजगढबाट हेटौंडातर्फ अघि बढेको छ।

आफूहरूले गरेको आन्दोलनको दबाबमा सरकारले ल्याएको मिटरब्याजसम्बन्धी कानून विषविनाको सर्पजस्तै भएको आरोप लगाउँदै वास्तविक पीडितहरूका समस्या र मागलाई सरकारले बेवास्ता गरेको भन्दै भएको जिकिर गर्दै पुनः काठमाडौं पुगी सशक्त आन्दोलन गर्न मिटरब्याजविरुद्ध न्याय मार्च पूर्व मेचीदेखि पश्चिम महाकाली हुँदै चितवनमा एकीकृत भई पैदल यात्रा गरेको मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समिति, नेपालका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाले बताए।




तस्विर : जीतलाल श्रेष

पुनः आन्दोलन गर्न सङ्घीय राजधानी काठमाडौंतर्फ अघि बढेको मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समिति, नेपालका केन्द्रीय सदस्य लक्ष्मी घिमिरेले बताइन्। यस विषयमा देशभरिबाट २९ हजार निवेदन परेकामा पाँच हजार मात्र फछ्र्यौट भएको भनेर फर्जी सम्झौता गरेर गृहमन्त्रीले मन्त्रिपरिषद्मा बुझाएको यससम्बन्धी अध्यादेश, विधेयक आउँदा पनि आफूहरूले वास्तविक पीडितहरूको समस्यालाई उचित सम्बोधन गर्न नसक्ने जनाउँदै विरोध गर्दा आफूहरूमाथि सरकारले बल प्रयोग गरेको केन्द्रीय सदस्य घिमिरेले बताइन्।

वास्तविक पीडितलाई समयमैं उचित न्याय दिलाउन सङ्घीय सरकारको ध्यान केन्द्रित गर्न हामीहरूले उठाएका मागलाई सम्बोधन गर्ने भन्दै सरकारले ल्याएको मिटरब्याजसम्बन्धी आयोग साहुमहाजनको पक्षपोषणका लागि मात्रै

"त्यति बेला हामीलाई सरकारको नियतमाथि शङ्का थियो कि यो सरकार पीडितहरूको पक्षमा छैन, जुन अहिले महसूस भई सरकारलाई पुनः दबाब दिन सङ्घर्ष समिति लागेको छ," अध्यक्ष कुशवाहले भने। सरकारले गठन गरेको मिटरब्याजसम्बन्धी अनुचित लेनदेन आयोग साहुमुखी रहेकोसमेत र्‍यालीमा सहभागी अधिकांशको भनाइ थियो।

र्‍यालीमा करीब पाँच सयजना पीडित पैदल हिंडेर काठमाडौंमा पुगी कडा आन्दोलन गर्ने उच्च मनोबलका साथ पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढमा आइपुगी हेटौंडातर्फ अघि बढेको छ।

## गोली प्रहारबाट सिंहको हत्या

सुग्रीव साह, भिस्वा, २८ माघ/

रक्सौल हरैया निवासी अनुप सिंहलाई आइतवार दिउँसो सुगौलीको छपुवानिर अज्ञात समूहले गोली हानी हत्या गरेको छ। सुगौलीस्थित टोलटैक्समा गाडी शुल्क बुझाउने क्रममा स्कार्पियोमा आएका समूहले सुजुकी कारमा रहेका सिंहमाथि अन्धाधुन्ध गोली प्रहार गरेको थियो। गोली प्रहारबाट घाइते सिंहलाई मोतिहारी जिल्ला अस्पताल लगिएको र उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। सिंह आज कामविशेषले मोतिहारी गएका थिए र फर्कने क्रममा यो घटना भएको थियो।




तस्वीर: प्रतीक

## विचारसार र सूक्तिहरू

**पढाइ सम्पन्न गरेपछि विद्यालयको परीक्षा पो सकिन्छ, त्यसपछि त तिथिमितिविना जीवनभरि परीक्षा दिइरहनुपर्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# सुर्तीखेतीमा आकर्षण बढ्दै

**पर्सा जिल्लामा गाँजाखेतीको विकल्पका रूपमा अहिले सुर्तीखेती फस्टाएको छ। कुनै बखत गाँजा र उखुले यो जिल्लामा लामो समयसम्म डेरा जमाएको थियो। वीरगंज चिनी कारखाना लिमिटेड बन्द भएको दुई दशक हुन थाल्यो भने करीब डेढ दशकदेखि पर्सा जिल्लामा गाँजाखेती हराए बराबर छ। प्राय: सबैजसो पालिकामा हुने गाँजाखेती प्रतिबन्ध रहेको र प्रहरी प्रशासनबाट निरन्तर दखल हुन थालेपछि यहाँका किसानहरू सुर्तीखेतीतर्फ आकर्षित भएका हुन्। अहिले सुर्तीखेती गरेका किसानहरूले राम्रो आम्दानी गरिरहेका छन्। सूर्य नेपाल प्रालि, सिमराले उनीहरूलाई सूर्तीखेतीका लागि सहयोग गर्दै आएको छ। खेतीपातीका लागि ऋण दिने, बाली उत्पादन बढाउन प्राविधिक सहयोग गर्ने, उच्चकोटिको बीउबिजन र मल आदिको व्यवस्था गर्ने जस्ता कार्यले अहिले सुर्तीखेती पर्सा जिल्लामा बढिरहेको हो। सूर्य नेपालले पर्सादेखि पूर्वमा सिराहासम्म र पश्चिममा नवलपरासीसम्म सुर्तीखेती गराउँदै आएको छ। सूर्य नेपालले अहिले यी क्षेत्रमध्ये सबैभन्दा बढी पर्सा जिल्लाबाट उत्पादित सुर्ती सङ्कलन गर्दै आएको छ। बर्ली र एचडी दुई जातका सुर्तीखेती पर्सामा हुने गरेका छन्। गत वर्षको तथ्याङ्कले एक हजार हेक्टर जमीनमा सुर्तीखेती भएको थियो। यसपालि गत वर्षको तुलनामा सुर्तीखेती बढ्ने सम्भावना छ।**

**उत्पादन बढेसँगै त्यसको प्रतिफल किसानले नै पाउने हुन्। किसानहरूले यस वर्षको उत्पादन बढ्नुको कारण सुर्तीका लागि आवश्यक चीसो बढेको बताउँछन्। गत वर्षको तुलनामा हुस्सु र पश्चिमी हावा बढी भएर चीसो बढेको र यसले सुर्ती उत्पादन बढ्ने उनीहरूको भनाइ छ। पर्सा जिल्लामा सुर्तीखेती वर्षमा दुईपटक हुँदै आएको छ। एक वर्षमा कात्तिक र चैत महीनामा सुर्तीखेती गरिन्छ। तीन/तीन महीनामा यसको खेती गरिन्छ र लगानीको प्रतिफल नगद आउने हुँदा पर्सा जिल्लाको थरुहट क्षेत्रमा सुर्तीखेतीप्रतिको आकर्षण बढ्दो छ। नगदेबालीका साथै सुर्तीखेतीलाई जङ्गली जनावरहरूले पनि हानिनोक्सानी नगर्दा यो खेतीप्रतिको आकर्षण बढेको किसानहरूको भनाइ छ। पर्सा राष्ट्रिय निकञ्ज र राष्ट्रिय वन क्षेत्रबाट निस्कने जङ्गली जनावरहरूले सुर्ती खेतीलाई क्षति पार्दैनन्। सुर्ती खेतीलाई बाँदरले मात्र क्षति पुऱ्याउने गर्छ। यो खेती गर्ने किसानहरूको भनाइ अनुसार प्रतिकट्ठा खर्च काटेर रु बीस हजार आम्दानी हुन्छ। गण्डकदेखि पश्चिम, उत्तरतर्फको थरुहट क्षेत्र ठोरी, जगरनाथपुर, जीराभवानी, सखुवाप्रसौनी, पटेर्वासुगौली गापा र पर्सागढी नपा तथा वीरगंज महानगरका केही वडाहरूमा सुर्तीखेती गरिन्छ। नहरदेखि दक्षिणतर्फ बझियानमा सुर्तीखेती गरिन्न, यसको तात्त्विक कारण भने थाहा भएन।**

**सुर्तीखेती गर्नेहरू विभिन्न रोगबाट ग्रसित हुने गरेका भनेर एकताका स्थानीय जनप्रतिनिधिहरूले बबाल गरेका थिए। तर पछि यस कुराको चिकित्सकीय आधार प्रमाण नभेटिएपछि जनप्रतिनिधिहरूको निहित स्वार्थ रहेछ भन्ने कुरा बाहिरियो र किसानहरू सचेत भए। सूर्य नेपालले उनीहरूलाई लक्षित गरेर स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्नुका साथै सो क्षेत्रका बालबालिकाहरूको शिक्षामा पनि पहुँच बढाउँदै आएको पाइएको छ। सुर्तीखेती गरिएका पालिकाहरूमध्ये अहिलेसम्म ठोरी, जीराभवानी, पटेर्वासुगौली र सखुवाप्रसौनीमा टिचफर नेपाल कार्यक्रम अन्तर्गत १५ जना शिक्षक, शिक्षिकाहरूको व्यवस्थापन गरेको छ।**

# वैदेशिक रोजगार : बौद्धिक पलायन कि श्रम पलायन ?

स्वतन्त्र विचार



**राजेन्द्रप्रसाद कोइराला**
Phd
rajendrakoirala20@gmail.com

**अहिले पनि विज्ञ, योग्य, काबिल, दक्ष र विद्वान्हरूको ठूलो सङ्ख्या देशमा उपलब्ध छ। देशलाई आवश्यक पर्ने सबै क्षेत्रका विद्वान्हरूको ठूलो सङ्ख्या अहिले पनि देशमैं छ। राज्यले उनीहरूलाई उचित स्थान दिन नसक्नु चाहिं विडम्बनापूर्ण हो।**

विदेश पलायनको कहालीलाग्दो समाचार हामीले प्रतिदिन सुन्दै आइरहेका छौ। यसको चित्रण विभिन्न छापाहरू र सामाजिक सञ्जालमार्फत हाम्रो जानकारीमा आइरहेको छ। देशमा रोजगारको अवसर नहुँदा विदेश जान बाध्य हुन्छन् युवाहरू। एउटा सानो दृष्टान्त यहाँ प्रस्तुत छ–

दैनिक औसत तीन हजार युवा विदेशिने गरेको तथ्याङ्क छ। १२ कक्षा पछिका विध्यार्थीको सङ्ख्या विश्वविद्यालयमा दिनानुदिन कम हुँदै गइरहेको छ भनी पत्रपत्रिकामा समाचार आइरहेको छ। पहाड, तराईका गाउँ–घर रित्तिँदै गएका छन्। त्यहाँ बूढाबूढीको सङ्ख्या मात्र देखिन थालेको छ। यद्यपि विदेश जानु नराम्रो होइन, तर कामकै खोजीमा विदेश भौंतारिनुपर्ने भनेको देशको लागि राम्रो सन्देश कदापि हुन सक्दैन। नेपालमा पछिल्लो समय रोजगार खोज्दै विदेश पुग्नेहरूको सङ्ख्या ठूलो छ। धेरैजसो नेपाली स्वदेशमा रोजगार नपाएर तथा पाएको रोजगारबाट परिवार पाल्न र आजीविका चलाउन नसक्दा विदेसिन बाध्य छन्। देशको अर्थतन्त्र दिनानुदिन ओरालो लाग्दै गएको छ। ऋणको भारी चुलिंदै गएको छ। भ्रष्टाचार, कमिशनखोरी, अराजकता र बेथिति मौलाउँदै गएको छ। देशको अर्थतन्त्र चलायमान छैन। महँगीले जनताको ढाड सेकेकोसेकै छ। व्यापार घाटाको कुरा गरी साध्य छैन।

तथ्याङ्कले भन्छ कि विगत १८ वर्ष देखि, माथि उल्लिखित सूचाङ्कहरू कसैको पालामा पनि, सकारात्मक दिशामा बढेको छैन। वर्तमान नेतृत्वकै हातमा देशको बागडोर अझै केही वर्ष रहेमा देशलाई असफल राष्ट्र बन्न र विदेशीहरूको परेड खेल्ने देश बन्नबाट कसैले रोक्न सक्दैन। योजनाका पुलिन्दाहरू देखाई जनतालाई भ्रमित पार्नबाहेक २०४७ सालपछिका नेतृत्वले केही गर्न सकेन, सिवाय आफ्ना भाइ–भतिज, छोरी–बुहारी आदिलाई पद र पोजिशनमा पुऱ्याउनबाहेक।

मन्त्रीहरू एकातिर स्वदेशमैं रोजगार दिने कुरा गरिरहेका हुन्छन् भने अर्कोतिर दक्ष जनशक्ति विदेश पठाउने भनेर श्रम सम्झौता गरेर हिंडिरहेका छन्। श्रमिक, नर्स, चिकित्सक विदेश पठाउने सम्झौता सरकार आफैं गर्दैछ। समग्रमा भन्दा आज देशको भविष्य रोएको छ।

अब सिक्काको अर्को पाटोको कुरा गरौं। पछिल्ला तथ्याङ्कले लगभग ५० लाख नेपाली विदेशमा रहेको देखाउँछ। विश्व बैंकको प्रतिवेदन 'लार्ज स्केल माइग्रेशन एन्ड रेमिट्यान्स इन नेपाल' अनुसार नेपाल विप्रेषणमा (रेमिट्यान्स) आश्रित मुलुकको सूचीमा ताजकिस्तान र गणतन्त्र किरगिजपछि तेस्रो मुलुक हो। कहिलेकाहीं, र सामाजिक सञ्जालमा त्रिभुवन विमानस्थलको टर्मिनल भवनमा विदेश जान लागेका व्यक्तिको विशाल आमसभाजस्तो तस्वीरहरू पोस्ट भएको देखिन्छ। यद्यपि एकजना मानिस विदेश जाँदा बिदा गर्न जाने १० जनासम्म हुन्छन्।

यद्यपि विदेशबाट फर्केर देशमैं उद्यमशील हुनेहरू पनि अहिलेको दिनमा बढ्दै गएका छन्। यसबारे गहन बहस चलाएर देशमैं उद्यमशीलतालाई प्रोत्साहन दिनु आजको आवश्यकता हो। यसको लागि प्रादेशिक र स्थानीय सरकारले प्रभावकारी भूमिका खेल्न सक्छ।

वैदेशिक रोजगारमा गएका युवाले प्रत्येक वर्ष पठाएको रेमिट्यान्सले परिवारलाई खुशी मात्र होइन, देशका निम्ति अपरिहार्य विदेशी मुद्रा पनि दिएको छ। विदेशमा काम गर्न जाने भनेको पैसा कमाउन मात्र होइन; ज्ञान, सीप, संस्कार, संस्कृति, भाषा सिक्न पनि हो। आफू बसेको देशभन्दा टाढा गएर काम गर्दा पक्कै पनि नयाँ अनुभव हुन्छ। यो अनौपचारिक शिक्षाजस्तो बन्न पुग्छ। यसले मुलुकमा कामको नयाँ संस्कृतिसमेत भित्र्याएको छ। वैदेशिक रोजगारमा गएका युवायुवतीले देशमैं बसेर मेहनत गर्ने सोचको विकास गरेका हुन्छन् आफ्नै देशमा पसिना सिञ्चन गर्ने हो भने त्यसले समृद्धि ल्याउँछ भन्ने ज्ञान तिनलाई हुन्छ। विदेशबाट फर्केका युवाको अनुभूति हुन्छ– ओहो ! देशमैं मेहनत गर्नुपर्ने रहेछ। विदेशबाट फर्केपछि व्यापार–व्यवसाय गर्ने युवा–सङ्ख्या ठूलो छ। ती आफैं उद्यम गर्न तत्पर भएका हुन्। घरैमा बसिरहेको युवाभन्दा विदेशबाट फर्केकोमा भिन्न सोच र चेतना अभिवृद्धि भएको हुन्छ। अचेल देशका कुनाकुनामा यस्ता नयाँ सोच भएका व्यक्तिहरू पाइने गरेका छन्।

वास्तवमा वैदेशिक रोजगार एक अध्ययन हो। विदेशिएका युवाले अनौपचारिक ढङ्गले धेरै पाठ सिकिरहेका हुन्छन्। विदेशमा उनीहरूले काम मात्रै गरेका हुँदैनन्, स्वदेश फर्केर उद्यमशील बनेका युवाहरू देशका नवनिर्माता हुन्। हामी ढुक्क भएर भन्न सक्छौं– हो, उनीहरूले नेपाल बनाउँछन्। तिनले विदेशमा बगाएको पसिना, सिकेको ज्ञान र आर्जन गरेको आम्दानीले नेपाल बनाउन मदत पुग्छ। तर यो सधैंको विकल्प होइन। वैदेशिक रोजगार सधैं उपलब्ध हुँदैन। यसको विकल्प देशभित्रै तयार गर्न पनि यो जनशक्तिले ठूलो भूमिका खेल्नुपर्छ। चितवन, गुल्मी, बुटवल, पर्वत आदि विभिन्न पश्चिमका जिल्लाहरूमा विदेशबाट फर्केर विभिन्न उद्यम गरिरहेका समाचार आइरहेको देखिन्छ। वैदेशिक रोजगारमा अनेक हन्डर र ठक्कर खाएर फर्केपछि छोराछोरी यथार्थमैं पक्का बन्छन्। देशमा यस्ता युवा हामीले कहिले ट्याक्सी चालकका रूपमा देख्छौं त कहिले पशुपालक किसानका रूपमा। गाउँमैं उद्यम गरेर वा ससानो व्यवसाय गरेर थुप्रैले अहिले आफू र परिवारको भविष्य बनाइरहेका छन्। यिनले नेपालमा उद्यमशीलताको विकास गरिरहेका छन्।

विदेशबाट फर्केका युवाले विभिन्न व्यवसायमा सफलता हासिल गर्न थालेका छन्। यस्ता उद्यमीसँग देश बिस्तारै परिचित हुन थालेको छ। वैदेशिक रोजगारले धेरै परिवारलाई सफल बनाएको छ। हो केही परिवारमा समस्या पनि देखिन्छन्। ती सामाजिक समस्यालाई नै देखाएर वैदेशिक रोजगारलाई खराब भन्नु उचित होइन। विदेशको रोजगार पूरा गरेर देश फर्केका युवामा रोजगार सिर्जना गर्ने क्षमता देखिन्छ। वैदेशिक रोजगारले नेपालको कृषि तथा उद्योग क्षेत्रको आधुनिकीकरणमा सहयोग पुग्दैछ। देशलाई गतिशील बनाउन यिनका पौरखी पाखुरा कामयाब हुँदैछन्।

धेरै नेपाली वैदेशिक रोजगारका लागि विभिन्न देश गएका छन्। बल र उमेरले साथ दिंदासम्म उनीहरूलाई विदेशी वातावरणले तानिरहेको छ। उमेर ढल्कँदै गएपछि अधिकांश व्यक्ति सीप, ज्ञान र पूँजीसहित स्वदेश फर्कने गर्छन्। धेरैले वैदेशिक रोजगारपछि देशमैं सम्भावनायुक्त व्यवसाय गरेर रोजगार सिर्जना पनि गरेका छन्।

अब कुरा गरौ बौद्धिक पलायन वा श्रम पलाायनको–

एउटा देशबाट अर्को देश जानुआउनु एउटा प्रक्रिया हो। यो पहिले पनि थियो र अहिले पनि छ। यद्यपि धेरै ठूलो सङ्ख्यामा अहिले गइरहेको चाहिं सत्य नै हो। देशबाट ठूलो सङ्ख्यामा ब्रेन ड्रेन भइरहेको छ भन्ने जुन भाष्य सिर्जित गरिएको छ, त्यो चाहिं सरासर गलत हो। हामीले यो बुझ्नु जरूरी छ कि विदेशिएका सबैलाई ब्रेन ड्रेन मान्न मिल्दैन। त्यहाँ गएका अधिकांशले ब्रेनको लेबलमा योगदान गरेका छैनन्। उनीहरूलाई औजार या श्रमशक्तिको रूपमा मात्र उपयोग गरिएको छ विदेशमा। यहाँबाट उच्च शिक्षा लिन गएका अधिकांश त्यहाँ मजदूरको जीवन चलाइरहेका छन्। साँच्चै दिमागको योगदान गर्ने वा बौद्धिक श्रम गर्नेहरूको सङ्ख्या ज्यादै न्यून छ। अनि त्यसरी बौद्धिक श्रम गरिरहेकाको सङ्ख्या यहाँ नफर्कदैमा देशमा उक्त स्तरको बौद्धिक व्यक्तिको अथवा ब्रेनको खाँचो हुँदैन। अहिले पनि विज्ञ, योग्य, काबिल, दक्ष र विद्वान्हरूको ठूलो सङ्ख्या देशमा उपलब्ध छ। देशलाई आवश्यक पर्ने सबै क्षेत्रका विद्वान्हरूको ठूलो सङ्ख्या अहिले पनि देशमैं छ। राज्यले उनीहरूलाई उचित स्थान दिन नसक्नु चाहिं विडम्बनापूर्ण हो। विदेश गएका सबै, यहाँ अवसर नपाएर गएका पनि होइनन्, लाखौं खर्च गरेर गएका हुन्। माइकल माथिसेनको पुस्तक 'ब्रेन ड्रेनः बियोन्ड द ग्रीन न्यु डिल' ले ब्रेन ड्रेन त्यसरी चिन्तित हुनुपर्ने विषय नै होइन भन्छ।

हाम्रो देशको अहिलेको तीतो सत्य के हो भने देशमा विज्ञता पलायनभन्दा श्रम पलायन (लेबर ड्रेन) चाहिं डरलाग्दो छ। आज देशमा एउटा सामान्य काम गर्ने श्रमिकको बढी खाँचो छ। ज्ञात होस्, विश्वमा सबैभन्दा बढी विप्रेषण ल्याउने देश भारत हो। भारतलाई यो सेवा प्रदान गर्नेमा नेपाल सातौं मुलुकमा पर्दछ अर्थात् भारतले विप्रेषण भित्र्याउने मुलुकमा नेपाल सातौं मुलुक हो। वार्षिक लगभग तीनदेखि चार खर्ब रुपियाँ नेपालबाट भारत भित्रिने गरेको तथ्याङ्क देखिन्छ। यत्रो ठूलो रकम बौद्धिक व्यक्तिले लगेको होइन। घर बनाउने मिस्त्री, सैलुनवाला, तरकारी र फलफूल बेच्ने श्रमिकहरूले लग्ने गरेका छन्। त्यति नै रकम खाद्यान्न आयातबाट समेत जाँदैछ। यस्तो हुनु पनि श्रम शक्तिको पलायन हो, जुन देशमैं बसेको भए खाद्यान्न उत्पादनमा ठूलो भूमिका खेल्न सक्थ्यो।

**अन्त्यमा**

यो देशको यथार्थ बौद्धिक पलायन होइन, श्रम पलायन हो। तर ती देश फर्केकाहरूले देशको मुहार फेर्न ठूलो भूमिका खेल्न थालेका छन् र यसको परिणाम अबको २ वर्षभित्र देखिनेमा यो स्तम्भकार विश्वस्त छ।

# 'नेपाली पत्रकारिताको इतिहासको खोज र अध्ययन आवश्यक छ'

काठमाडौं, २८ माघ/रासस

नेपाली पत्रकारिता क्षेत्रका विज्ञ एवं अग्रजहरूले पत्रकारिताको इतिहासबारे खोज र अध्ययनको आवश्यकता औंल्याएका छन्।

नेपाल पत्रकार महासङ्घ प्रतिष्ठान प्रदेश समितिद्वारा प्रकाशित 'अग्र अनुहार, कथा अग्रजको, गाथा महासङ्घको' आइतवार विमोचन कार्यक्रममा प्राडा रामकृष्ण रेग्मीले पुस्तकबारे समीक्षा गर्दै पत्रकारिताको इतिहासको खोज अनुसन्धानले यस क्षेत्रको वर्तमान चुनौतीको सामना र भविष्यको बाटो पहिल्याउन सहयोग पुग्ने बताए।

उक्त पुस्तक नेपाली पत्रकारिताको इतिहासको लागि उपयुक्त स्रोत सामग्री हुने उनले बताए। "यस पुस्तकले नेपालमा पत्रकारितालाई सङ्गठनको रूपमा विकास गर्दा आइपरेका चुनौती र उहाँहरूले गरेका सामनाका बारेमा जानकारी दिन्छ," उनले भने, "भविष्यको बाटो पहिल्याउन विगत हेर्नुपर्छ भने जस्तै यसले पत्रकारिताको इतिहासबारे अध्ययन गर्न र सिङ्गो पत्रकारितालाई अघि बढाउन सहयोगी साबित हुनेछ। अध्ययनका लागि स्रोतसामग्रीको अभाव सधैं खड्किन्छ। यस पुस्तकलाई गतिलो स्रोतसामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ।"

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले पत्रकारिताको इतिहास सँगसँगै नेपाल पत्रकार महासङ्घको इतिहासको खोजी, सम्मान र इतिहासलाई स्थापित गर्न प्रयासरत रहेको बताए। उनले उक्त पुस्तक पत्रकारिताको इतिहासका बारेमा अध्ययनका लागि अभिलेखीकरण भएको बताउँदै पत्रकारिताको इतिहास खोज्न र तथ्यमा आधारित भएर इतिहासलाई स्थापित गर्न महासङ्घ प्रयत्नशील भएको बताएका हुन्।

"पुस्तकका सन्दर्भमा नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)को असहमति र असन्तुष्टि छ। त्यसलाई एक तार्किक निष्कर्ष, तथ्यपरक अध्ययन र विधिसम्मत अनुसन्धानका विधिहरू प्रयोग गरेर टुङ्गोमा पुऱ्याउने विषयमा हामी सबैको एकमत छ। अहिले पत्रकार महासङ्घले हामी जुन विधानबाट निर्वाचित भएर आएका छौं र विधानले चिन्ने पूर्वअध्यक्षहरूको पुस्तक निकालेको हो," उनले भने, "पत्रकार महासङ्घको इतिहासको खोजी, सम्मान र इतिहासलाई स्थापित गर्ने प्रयत्न भइरहेको छ। सत्यनारायणबहादुर श्रेष्ठको सन्दर्भमा सङ्गठन स्थापना गरेको हो भन्ने सत्य हो। त्यसमा कुनै पनि विमति छैन। महासङ्घले उहाँको नाममा पुरस्कार स्थापना गर्ने, विशेष विभूषण दिने विषयमा सुझाव लिंदैछौं।"

उक्त कार्यक्रममा महासङ्घका पूर्वसभापति हरिहर विरहीले विगतका पत्रकारिताको अभ्यास र इतिहासबारे उल्लेख गर्दै पछिल्लो समय खोजमूलक पत्रकारिताको आवश्यकता औंल्याए। "राजनीतिक क्षेत्रमा देखिएका विसङ्गति र विकृति एवं आफ्नै कार्यक्षेत्रमा देखिएका समस्याका कारण पत्रकार र पत्रकारिता क्षेत्र नै ओइलाइरहेको जस्तो देखिन्छ," उनले भने, "तर अहिले पनि सबैभन्दा धेरै आशा पत्रकारिता क्षेत्रसँग गरिएको छ। त्यसैले हाम्रो त्रुटि, उदासीनता, कमजोरीलाई हटाउँदै उत्साहका साथ अघि बढ्न सरोकारवाला सबै संस्थाले पनि सोच्न आवश्यक छ।"

पूर्वसभापति किशोर नेपालले पत्रकारिता क्षेत्रको विकासका लागि सबै पत्रकारले आफ्ना मुद्दामा एक हुनुपर्नेमा जोड दिंदै पत्रकारको सम्मानका लागि पत्रकारिता क्षेत्रलाई गुणस्तरीय बनाउनुपर्ने बताए। "नेपालको मात्र हैन संसारका कुनै पनि देशमा पत्रकारिताले विश्राम लिन पाउँदैन र लिएका छैनन्। पत्रकारिताका लागि उपयुक्त वातावरण बनाउन प्रेरित गर्दै जाने हो विकृत बनाउने हैन। इतिहासमा बिग्रिएका कुरालाई सच्याउँदै जाने हो, विचलित हुनुहुँदैन," उनले भने।

यस्तै, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्काले पुस्तकमा महिला जनजातिलगायत सबैको अनुभव र जीवनी समेटिनुपर्ने सुझाव

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# सरकारले बिजनेश नदिंदा दुई महीनादेखि प्रदेशसभा बैठक बस्न सकेन

धनुषा, २८ माघ/रासस

मधेस प्रदेशसभा बैठक पछिल्लो दुई महीनादेखि बस्न सकेको छैन । पछिल्लोपटक गत मङ्सिर २० गते दोस्रो अधिवेशनको ११औं बैठक बसेर स्थगित गरिएको थियो । त्यसपछि अहिलेसम्म बैठक बस्न सकेको छैन। गत २०७९ पुस १५ मा प्रदेशसभाको दोस्रो कार्यकालका लागि चुनिएका प्रदेश सांसदले शपथ लिएयता पहिलो अधिवेशनका ३६ वटा र दोस्रो अधिवेशनका ११ गरी ४७ वटा मात्र बैठक बसेको छ ।

सभामुख रामचन्द्र मण्डलले सरकारले बिजनेश नदिंदा प्रदेशसभा बैठक बस्न नसकेको बताए । उनले भने, “सरकारले बिजनेश नै दिन नसक्दा प्रदेशसभा बैठक बस्न सकेको छैन। अब प्रदेशसभाको समितिमैं छलफलमा रहेको विधेयकमाथि विचारविमर्श गरेर छलफल गराउन प्रदेशसभा बैठक आह्वान गर्छौं ।”

प्रदेशसभाको दोस्रो कार्यकालमा आर्थिक र विनियोजन विधेयकबाहेक नौवटा विधेयक पेश गरिएकामा मधेस प्रदेशका केही ऐन संशोधन गर्न बनेको विधेयक २०७९, आर्थिक विधेयक २०८०, र मधेस प्रदेश विनियोजन विधेयक २०८० मात्र पारित भएको छ ।

प्रदेश खेलकूद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बालअधिकार ऐन २०७९ को पहिलो संशोधन, मधेस प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, प्रदेश कृषि विकास विधेयक २०८० र स्थानीय सेवाको गठन, सञ्चालन र सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० संसदीय समितिमा छलफलको क्रममा रहेको सभामुख मण्डलले बताए ।

संसदीय समितिले ढिलोगरी पूर्णता पाएका कारण पनि विधेयक छलफल भएर पास हुन नसकेको उनको भनाइ थियो। गत कात्तिक १४ मा मात्रै मधेस प्रदेशसभाका सातवटै संसदीय समितिका सभापति चयनले पूर्णता पाएको थियो।

प्रमुख प्रतिपक्षी नेकपा (एमाले) संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले प्रदेशसभा सञ्चालनका लागि सरकारलाई बिजनेश दिन दबाब दिइएको उल्लेख गरे । यता मुख्यमन्त्री सरोज यादवलाई जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएपछि अब विश्वासको मत लिनुपर्ने अवस्था रहेको छ । मधेस सरकारका प्रवक्ता रहेका गृह, सञ्चार तथा कानून मन्त्री मोहम्मद समिमले बिजनेशका लागि प्रदेशसभामा विभिन्न विधेयक बाँकी नै रहेको बताउँदै उनले अब मुख्यमन्त्रीले विश्वासको मत लिएपछि निरन्तर प्रदेशसभा बैठक चल्ने उल्लेख गरे ।

“प्रदेशसभामा विधेयक बाँकी छ । टेबुल भएकै छ,” मन्त्री समिमले भने, “केही विधेयक प्रदेशसभामा पेश गर्न तयार पारेर पनि राखिएको छ ।” गत माघ ९ गते जनमतका दुई मन्त्रीले मधेस प्रदेश सरकारबाट समर्थन फिर्ता लिंदै राजीनामा दिएका थिए ।

अब बस्ने प्रदेशसभा बैठकमा संसदीय समितिमा छलफलको क्रममा रहेको विधेयक पास हुने प्रदेशसभा सचिवालयले जनाएको छ।

# नेप्से परिसूचकको ओरालो यात्रामा

काठमाडौं, २८ माघ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १० दशमलव ५० अङ्कले ओरालो लागेर दुई हजार ८५ दशमलव ८२ मा सीमित भएको छ ।

ठूला कम्पनीका शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ८९ अङ्कले ओरालो लागेर ३७४ दशमलव ७५ मा सीमित भएको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये आज तीन उपसमूहको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ ।

विभिन्न कम्पनीका एक करोड पाँच लाख ७१ हजार १९९ कित्ता शेयर रु चार अर्ब आठ करोड ५६ लाख ७८ हजार ४७२ मूल्यमा खरीद–बिक्री भएका छन्। कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु ६२ करोड ४७ लाख ८५ हजार ३६८ बराबरको कारोबार भयो।

एनआरएन इन्फ्रास्ट्रचर रु १२ करोड चार लाख ३४ हजार ४३७, हिमालयन डिस्टिलरी रु नौ करोड २३ लाख २६ हजार ३८८, एनआइसी एशिया बैंक रु आठ करोड ४२ लाख चार हजार ३३२ र हाथवे इन्भेस्टमेन्ट रु आठ करोड ३० लाख ७७ हजार ७०३ मूल्यमा कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार समाज लघुवित्त र कुर्थली बुखरी स्मल हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। त्रिशूली जलविद्युत् कम्पनी छ दशमलव ४१, दोर्दी खोला जलविद्युत् कम्पनी पाँच दशमलव शून्य आठ र माया खोला हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ९० प्रतिशतले कमाएका छन् ।

यस्तै, एनआइसी एशिया ग्रोथ फन्ड दोस्रो १०, युनिलिभर नेपाल सात दशमलव १४, गुराँस लघुवित्त सात दशमलव १३, गणपति लघुवित्त चार दशमलव ६६ र किसान लघुवित्तका लगानीकर्ताले चार दशमलव ४७ प्रतिशतले गुमाएका छन् ।

# राजविराज कारागारको शौचालयमा बन्दी मृत फेला

सप्तरी, २८ माघ/रासस

बलात्कारको आरोपमा पुर्पक्षका लागि राजविराज कारागारको थुनामा रहेका बन्दी मृत फेला परेका छन् ।

राजविराज कारागारको थुनामा रहेका सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका–६ का १९ वर्षीय देवेन्द्र मण्डल आइतवार मृत अवस्थामा फेला परेका कारागारका निमित्त प्रशासक सदानन्द दासले जानकारी दिए। उनका अनुसार मण्डलको शव कारागारभित्रको शौचालयमा झुन्डिएको अवस्थामा आज बिहान फेला परेको हो ।

गत साउन १३ गते राति १५ वर्षीया बालिकाको अपहरण गरी बलात्कार गरेको आरोपमा मण्डल गत भदौ ११ गतेदेखि पुर्पक्षका लागि कारागारमा बन्दी थिए ।

बालिकालाई घरबाट जबरजस्ती तानेर ५०० मिटर पूर्व पोखरीको डिलमा लगेर बलात्कार गरेको भन्दै पीडितका अभिभावकले जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजूरी दिएका थिए।

हनुमाननगर कङ्कालिनी–६ का २३ वर्षीय देवनाथ मण्डल, २३ वर्षीय श्यामसुन्दर मण्डल र २० वर्षीया जसोधाकुमारी मण्डलले हातखुट्टा समातेपछि देवेन्द्रले बालिकाको सिउँदोमा सिन्दुर हालेको पीडितका बुवाको भनाइ थियो ।

जिल्ला प्रहरी कार्यालयले मण्डललाई गत साउन १७ गते पक्राउ गरेको थियो। प्रहरी कार्यालयमा गत साउन १८ गते बलात्कारको उजूरी दर्ता भएकोमा सप्तरी जिल्ला अदालतमा गत भदौ १० गते अभियोगपत्र दायर भएको थियो । जिल्ला न्यायाधीश हर्कबहादुर क्षत्रीको इजलासले मण्डललाई भदौ ११ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा राख्ने आदेश दिएको थियो ।

पासोमा झुन्डिएर आत्महत्या गरेका मण्डलको घटना थाहा पाएलगत्तै कारागार प्रशासनले परिवारलाई जानकारी दिएको निमित्त कारागार प्रशासक दासले बताए ।




**भीरको बाटोमा मोटर सरर**: म्याग्दीको धवलागिरि गाउँपालिका–७ को बादिकाको अक्करे भीरमा निर्माण भएको सडकको ढलानसहित स्तरोन्नति भएपछि सहज गुड्दै गरेका सवारीसाधन। यस भीरमा सडकलाई ढलान, फराकिलो, नाली निर्माण र ग्राभेलसहित स्तरोन्नति गरिएको छ। तस्बिरः कमल खत्री/रासस

# भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई मूर्तरूप दिन सबैको सहयोग आवश्यक

काठमाडौं, २८ माघ/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले सदाचार पद्धतिको विकास र कार्यमा थप जिम्मेवार बन्नुपर्ने खाँचो औंल्याए ।

उनले नीति, कानून, संरचना, जनशक्तिलगायत आधारभूत साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ३३औं स्थापना दिवस मनाएको हो। आयोगले स्थापनाकालदेखि नै प्राप्त गुनासो र उजूरीउपर अनुसन्धान गरी




भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई मूर्तरूप दिन सबैको सहयोग र सक्रियता जरुरी भएको बताएका छन् ।

आयोगको ३३औं स्थापना दिवसका अवसरमा आइतवार आयोजित कार्यक्रममा बोल्दै उनले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले सक्रिय भूमिका निर्वाह गर्दै आएको बताए। उनले भने– “आयोगको स्थापना दिवसका अवसरमा विशिष्ट व्यक्तिको गरिमामय उपस्थितिले सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धताका साथ अगाडि बढ्ने हाम्रो सङ्कल्पलाई अझ बलियो बनाएको छ।”

देशमा सुशासनको अवस्थामा अपेक्षित सुधार हुन नसकेको गुनासो जनताको तहमा व्याप्त रहेको भन्दै उनले यसप्रति सबै सक्रिय र जिम्मेवार भएर लाग्न जोड दिए ।

“भ्रष्टाचारविरुद्ध लडाइँ आयोग एक्लैको मात्र होइन, यो बहुआयामिक विषय भएको हुँदा यसका लागि सामूहिक प्रयासको खाँचो छ। सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको अभियन्ता बन्न सक्नुपर्दछ”–प्रमुख आयुक्त राईले भने ।

सङ्घीयता कार्यान्वयनपछि हालसम्म तीनै तहका सरकारमा हुने विकास निर्माण, बजेट विनियोजन, अनुदान वितरण, सेवा प्रवाहजस्ता कार्यमा सार्वजनिक सम्पत्तिको हानि–नोक्सानी गर्ने, घूस/रिश्वत लेनदेन गर्ने, गैरकानूनी लाभ लिने बदनियत राखेर काम गर्ने र गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी उल्लेख्य सङ्ख्यामा उजूरी आयोगमा पर्ने गरेको उनको भनाइ थियो ।

सार्वजनिक खरीद तथा निर्माणको पारदर्शिता नदेखिएको, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राकृतिक स्रोतसाधनको उपयुक्त मापदण्डको पालना नभएको अख्तियारले उल्लेख गरेको छ। प्रमुख आयुक्त राईले सार्वजनिक जग्गाको दुरुपयोग बढेको, सरकारी जग्गा निजी प्रयोजनका लागि बिक्री गर्ने प्रवृत्ति पाइएको भन्दै जिम्मेवार निकाय र पदाधिकारी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कानूनी दायित्व निर्वाह गर्ने पूर्वाधारसमेत तयार नगरी प्रतिस्पर्धा सीमित गरी सूचना प्रविधि र उपकरण खरीद गर्दा ठूलो लगानी दुरुपयोग भएको भनी उजूरी आइरहेको तथा पूर्वाधार तथा भौतिक संरचना निर्माण गुणस्तरको प्रत्याभूतिलगायत विषयमा छानबीनको दायरा विस्तार गरी आफ्नो काम कारबाईलाई अझ सक्रिय बनाउन आयोग गम्भीरतापूर्वक अघि बढिरहेको स्मरण गराए। प्रमुख आयुक्त राईले सार्वजनिक संस्थाको कार्य सम्पादन सुधार गर्न स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट बजारमा उपलब्ध योग्य व्यक्ति वा समूहलाई व्यावसायिक क्षमता, योग्यता र सुधार योजनाको आधारमा छनोट गरी सोही अनुरूप कार्य वातावरण सिर्जना गर्न जरूरी रहेको बताए।

उनले सार्वजनिक निकायमा देखिएका विकृति र विसङ्गति तत्काल अन्त्य गरी मुलुकमा सुशासन प्रवर्द्धन तथा सरकारप्रति नागरिकको भरोसा अभिवृद्धि गर्न सबैसँग अनुरोध पनि गरे। कानूनविपरीत क्रियाकलापमा संलग्नलाई कानूनी दायरामा ल्याउन आयोग थप सशक्त रूपमा अघि बढ्ने उनको भनाइ थियो।

ट्रान्सपरेन्सी इन्टरनेशनलको हालै प्रकाशित भ्रष्टाचार अनुभूति सूचकाङ्कमा गत वर्षभन्दा एक अङ्क बढेर नेपालको अवस्थामा सामान्य सुधार भएको छ । ५० भन्दा कम अङ्क प्राप्त गर्ने मुलुक भ्रष्टाचारको उच्च जोखिमयुक्त मुलुकमा गणना हुनेमा नेपालको अङ्क ३५ मात्र हुनुले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा नेपालले अझै निकै सङ्घर्ष गर्नुपर्ने आयोगले उल्लेख गरेको छ ।

तीनै तहका सरकारमा कार्यकारी भूमिकामा रहने राजनीतिक पदाधिकारी, राष्ट्रसेवक कर्मचारी र आम नागरिकमा यसप्रति दायित्वबोध नहुन्जेल भ्रष्टाचार नियन्त्रणमा आशातीत सफलता हासिल गर्न कठिन हुने भन्दै प्रमुख आयुक्त राईले भ्रष्टाचार नियन्त्रणको राष्ट्रिय अभियानमा आआफ्नो ठाउँबाट योगदान गर्न सबैसँग अनुरोध गरे ।

‘सुधारौं सोच, संस्कार र व्यवहारः नियन्त्रण हुन्छ भ्रष्टाचार’ भन्ने नाराका साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ३३औं स्थापना दिवस मनाएको हो। आयोगले स्थापनाकालदेखि नै प्राप्त गुनासो र उजूरीउपर अनुसन्धान गरी भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने प्रमुख संवैधानिक जिम्मेवारी निर्वाह गर्दै आएको छ । यसबाट राष्ट्रको आर्थिक र सामाजिक विकासमा निरन्तर योगदान पुगेको आयोगको विश्वास छ ।

कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपप्रधानमन्त्री, सांसद, उच्च सरकारी अधिकारीलगायतको उपस्थिति थियो।

सो अवसरमा राष्ट्रपति पौडेलले आयोगको स्मारिका–२०८० को लोकार्पण गरे । सोही अवसरमा समाचार सम्प्रेषणमार्फत भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याएको भन्दै विभिन्न सञ्चारमाध्यमका पत्रकारलाई नगद रु २० हजार र कदरपत्रसहित सम्मान गरिएको थियो। यसरी सम्मानित हुनेमा कान्तिपुर दैनिकका पत्रकार मातृका दाहाल, लोकान्तर डटकमका जयकुमार मिश्र (अनुरागी), रातोपाटी डटकमका सुवास गोतामे र स्वतन्त्र पत्रकार सुदर्शन आचार्य रहेका छन् ।

त्यसैगरी आयोगका कर्मचारीमध्ये उत्कृष्ट अनुसन्धानकर्ता तथा उत्कृष्ट अख्तियार सेवा पुरस्कार क्रमशः राजेशकुमार दास र प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकी तथा उपन्यायाधिवक्ता निरञ्जन स्थापितलाई नगद रु ३५ हजार र ताम्रपत्रसहित सम्मान गरिएको छ

भ्रष्टाचार नियन्त्रण र सदाचार संस्कृति प्रवर्द्धनका लागि आयोगले उपचारात्मक रणनीतिका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिसमेत अवलम्बन गरेको छ । आयोगले तीनै तहका सरकार, नागरिक समाज, नागरिक संस्था, विद्यालय र सञ्चार जगतसँग सहकार्य गरेर भ्रष्टाचारविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ ।

# महीनामा १० लाख ५२ हजारभन्दा बढी सवारीसाधन कारबाईमा

काठमाडौं, २८ माघ/रासस

ट्राफिक प्रहरीले चालू आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म देशभर १० लाख ५२ हजार ५५ विभिन्न सवारीसाधनलाई कारबाई गरेको छ। उक्त कारबाईबाट रु ७९ करोड ७१ लाख ४४ हजार ८५२ राजस्व सङ्कलन गरेको जनाइएको छ ।

प्रहरी प्रधान कार्यालय, नक्सालका अनुसार राजस्वमध्ये काठमाडौं उपत्यकाबाट रु ३२ करोड ३३ लाख ७० हजार, कोशी प्रदेशबाट रु सात करोड ८७ लाख दुई हजार ९४३, मधेस प्रदेशबाट रु १० करोड पाँच लाख ५८ हजार ९०१, बाग्मती प्रदेशबाट रु सात करोड ८८ लाख ४० हजार, गण्डकी प्रदेशबाट रु आठ करोड १८ लाख ७६ हजार, लुम्बिनी प्रदेशबाट रु नौ करोड ३८ लाख ६४ हजार, कर्णाली प्रदेशबाट रु एक करोड ५६ लाख ४५ हजार र सुदूरपश्चिम प्रदेशबाट रु दुई करोड ४२ लाख ८८ हजार सङ्कलन भएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।

राजस्व रकम सबैभन्दा बढी काठमाडौं उपत्यकामा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको केन्द्रीय प्रहरी कार्यालयलको तत्थ्याङ्कमा उल्लेख छ। मादक पदार्थ सेवन गरी सवारी चलाउने, तीव्र गतिमा सवारी चलाउने, लेन अनुशासन कायम नगर्ने, क्षमताभन्दा बढी यात्री राख्ने, जथाभावी पार्किङ गर्ने, तोकिएकोभन्दा बढी भाडा लिने, आवश्यक कागजात तथा सवारी चालक अनुमतिपत्र नभएका लगायतलाई कारबाई गरिएको हो ।

कारबाईमा परेका सवारीसाधनमध्ये सबैभन्दा बढी मोटरसाइकल चार लाख ३२ हजार ९८ वटा रहेका पनि प्रहरी प्रधान कार्यालय नक्सालको तथ्याङ्कले देखाएको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ बमोजिम कसूर अनुसार ट्राफिक प्रहरीले कारबाई गर्न सक्ने व्यवस्था रहेको छ ।

# नाट्य महोत्सव : मैथिली सभ्यता र पहिचान उन्नयनको प्रयास

धर्मेन्द्र झा/टिकाराम सुनार
जनकपुर, २८ माघ/रासस

ठिहिर्‍याउँदो जाडो, रातको १२ बजेसम्म कार्यक्रम । त्यसको कुनै प्रवाह नगरी दर्शकले खचाखच भरिएको हुन्थ्यो जनकपुरधामस्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्रको परिसर । एक दिन वा एक घण्टा होइन, यस्तै भइरह्यो यही माघ १८ देखि २२ गतेसम्मका पाँच दिन ।

आयोजक मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी समयको हिसाबकिताब गर्दै भन्छन्, "प्रत्येक दिन १७ घण्टाको कार्यक्रम हुन्थ्यो । शुरूमा त दर्शक नआउने पो हुन् कि भन्ने लागिरह्यो ! जसैजसै कार्यक्रम र दिन लम्बिँदै गए, त्यसैत्यसै आकर्षण पो थपियो बरु । महोत्सवका पाँचै दिन, सत्रै घण्टा स्थानीयले रातबिरात वा जाडोको प्रवाह नगरी आनन्द लिनुभयो ।"

त्यसरी दैनिकजसो कार्यक्रममा सहभागी भई आनन्दविभोर हुनेमध्ये एक थिए, जनकपुरधाम–४ निवासी विमल पण्डित । उनी सकेसम्म महोत्सवका सबै सत्रमा उपस्थित भए । नभए सामाजिक सञ्जालको माध्यमबाट भएपनि आनन्द लिए । त्यसको एउटै कारण थियो, मिथिला र मिथिलावासीहरूको सभ्यता एवं पहिचानसँग जोडिएका विविध विषयमाथिको चर्चा–परिचर्चा ।

"मिथिला र मैथिली सभ्यता तथा पहिचानका लागि शुरूको दिन निकालिएको शोभायात्राले नै मलाई हरेक दिन कार्यक्रममा जान बाध्य बनायो," साहले भने,"तर त्यहाँ गएर कुनै पनि दिन किन आएछु भनेर पछुताउनुपरेन । आफ्नो कला, संस्कृति, पहिचान र सभ्यताको कुरा उठेपछि आनन्द लाग्ने रहेछ ।"

उनी मात्रै होइन, ७२ वर्षीय रामदेव यादवले कार्यक्रमबारे धेरै चर्चा र चासो सुनेपछि आफू पनि त्यहाँ जान बाध्य भएको बताए । "म त चियापसले हुँ । मेरो पसलमा थरीथरीका मानिसहरू आउँछन् । धेरैको मुखबाट त्यही महोत्सवको चर्चा सुनेपछि म पनि फुर्सद निकालेर त्यहाँ जान बाध्य भएँ," यादवले सुनाए, "चियापसलबाट समय निकालेर हेर्न गएका सांस्कृतिक प्रस्तुति र नाटकबाट धेरै प्रभावित भएँ । तर मैले हेर्न नभ्याएका अरू विषयहरू पनि त्यत्तिकै राम्रा थिए भन्ने कुरा चियागफमा सुन्ने गरेको छु ।"

पाँच दिनको अवधिमा विविध विषयमाथि विचार मन्थन भयो । यद्यपि प्रस्तुतिका विधा फरकफरक हुन्थे । विमर्श, नाटक मञ्चन, कविगोष्ठी, मिथिला चित्रकला तथा हस्तकला प्रदर्शनी, वक्तृत्वकला, सांस्कृतिक कार्यक्रम तथा अन्य संगोष्ठी । भाषा, विधा र प्रस्तुतिका शैली फरकफरक भएपनि सारमा मिथिला र मैथिली सभ्यता तथा पहिचानको निजत्व, महत्त्व एवं प्रभुत्वबारे पुनर्ताजगीको प्रयास हुन्थ्यो । सँगसँगै मिथिलाको कला, संस्कृति र भाषा–संस्कृतिबारे एकखालको आवेग उत्पन्न गराउन, युवा पुस्तामा त्यसको महत्त्व विस्तार तथा पुस्तान्तरणका लागि उद्वेलित गर्ने प्रयत्न हुन्थ्यो ।

महोत्सवलाई नजीकबाट हेरेका स्थानीय परमेश्वर कापडी सुस्ताएको पुरानो पुस्ता र आफ्नो सभ्यता एवं पहिचानबारे खासै चासो नराख्ने युवा पुस्तालाई पुनर्ताजगी गर्न महोत्सवले महत्त्वपूर्ण माध्यमको काम गरेको बताउँछन् । उनी भन्छन्, "मिथिला र मैथिली सभ्यताबारे जानकार पुरानो पुस्ता सुस्ताउँदै गएको छ । नयाँ पुस्तालाई धेरै चासो छैन । यस्ता महोत्सव तथा कार्यक्रमहरूले नै हो, यी दुवै पुस्तालाई जागृत गर्ने । त्यसै कारण यस महोत्सवले आम जनतामा मैथिली सभ्यताको सम्पूर्णता देखाउन निकै प्रयत्न गरेको छ ।"

कापडीले कला, साधना, विचार मन्थन र चिन्तन परम्पराको केन्द्र रहेको जनकपुर (मिथिला)को गरिमा र आवेगलाई सम्झाउन, चम्काउन र यहाँको समाजसँग भएका विविधतालाई महोत्सवले प्रभावकारीरूपमा प्रस्तुत गर्न सफल भएको बताए । त्यसैगरी, मैथिली विकास कोषका सदस्य सचिव एवं वरिष्ठ पत्रकार श्यामसुन्दर शशी पनि मैथिली सभ्यताको विगतलाई सम्झाउन, कतिपय गलत अभ्यासबारे पछुताउन र भविष्यका लागि चिन्तित हुँदै असल योगदानका लागि सङ्कल्प गर्न महोत्सवमा गहन विमर्श भएको बताउँछन् । "महोत्सवको पाँच दिनमा जल्दाबल्दा विषयहरू सामाजिक सञ्जाल, नयाँ दलको उदय र पुराना दलको उपस्थिति, युवा चिन्तनदेखि पहिचानका मुद्दाहरू उठान गर्‍यौं । आफ्नो गौरवगाथालाई सम्झिन साहित्य, कला, संस्कृति प्रदर्शनको काम भयो," कापडी भन्छन्, "सबैभन्दा महत्त्वपूर्ण विषय विविध कारणले मिथिलाको भाषा संस्कृतिलाई जातिविशेषको भनेर अर्थ्याउने गरिएकामा मिथिलाको भूगोलमा बस्ने सबै जातजाति मैथिल र यहाँका सबै भाषिक तथा सांस्कृतिक सम्पदा हाम्रा साझा सम्पत्ति हुन् भन्नेमा एउटा बुझाइ बनाउन थोरै भएपनि सफल भएका छौं ।" त्यसैगरी साहित्यकार तथा नाट्यकर्मी रमेश रञ्जन जनकपुर अर्थात् मिथिलाको 'गौरवशाली अतीत र ऊर्जायुक्त वर्तमान' राजनीतिक सत्तास्वार्थका कारण ओझेलमा पर्दै गएका बेला महोत्सवले अस्तित्व रक्षाका लागि जागृत हुन अभिप्रेरित गरेको टिप्पणी गरे । "जनकपुरले मानव सभ्यताको आरम्भदेखि नै ज्ञान, विज्ञानको अनुसन्धान, उत्खनन, परिस्कृत एवं त्यसको सङ्ग्रह गर्ने थलोका रूपमा एउटा गौरवशाली विरासत बनाएको छ । त्यही विरासतबाट प्राप्त भाषा, साहित्य, कला, संस्कृतिको उन्नयन र विकासका लागि महोत्सवले विगतदेखि नै विमर्श गरिरहेको छ । यसपटक पनि देश, विदेशका विद्वान्हरूलाई राखेर ज्ञानको उत्खनन र आदानप्रदान गर्न अत्यन्तै मिहेनत भएको छ," उनको कथन छ ।

वरिष्ठ साहित्यकार डा राजेन्द्र विमल भने महोत्सवले विभिन्न विषयवस्तुको माध्यमबाट यहाँको चिन्तन एवं परामर्श परम्परालाई जागृत गर्न प्रयत्न गरेको र अब त्यसका निष्कर्षलाई योजनाबद्धरूपमा कार्यान्वयन गर्न लागनुपर्ने बताउँछन् । "महोत्सवमार्फत मिथिला र मैथिली साहित्य, कला, संस्कृति एवं सभ्यता, देशको राजनीतिक तथा अन्य परिस्थितिबारे गहन विमर्श भएको छ । त्यहाँ धेरैले केही प्रतिबद्धता पनि जाहेर गरे । अब हरेक दिन, हरेक सत्र र विषयमाथिको विमर्शका निष्कर्ष एवं प्रतिबद्धता कार्यान्वयनका लागि पहल गर्न सक्नुपर्छ," डा विमलले सुझाव दिए ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले महोत्सवको माध्यमबाट समग्र मधेसलाई एकैथलोमा उभ्याउने र मिथिलाको चिन्तन परम्परालाई जागृत गर्ने चाहना एकहदसम्म सफल भएको बताए । तर मञ्चमा व्यक्त विचार र प्रतिबद्धता कार्यान्वयन भएको दिन त्यसको सफलतालाई थप मूल्याङ्कन गर्नु उपयुक्त हुनेमा उनको पनि सहमति छ । "मिथिलाको समाज, यहाँको आर्थिक, सामाजिक एवं राजनीतिक समस्या, यहाँको सोच, द्वन्द्व र त्यसको निकासका लागि विविध विषयमा गहन विमर्श भयो । अब त्यसको परिणाम देखिनुपर्छ । त्योमध्ये स्थानीय तहका प्रमुखहरूले आगामी शैक्षिक सत्रदेखि नै मातृभाषा शिक्षा र प्रदेश तहका नेता एवं मन्त्रीहरूले प्रदेश भाषाका विषयमा प्रतिबद्धता जनाएका छन् । त्यस्ता अनेकन विषयमा गरिएका प्रतिबद्धता पूरा गर्न हामी निरन्तर झक्झक्याइरहनेछौं," चौधरीले भने ।

जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सवलाई मधेसको उत्सवका रूपमा स्थापित गर्ने योजना अनुसार आफूहरू अगाडि बढिरहेको बताउने अध्यक्ष चौधरी विगतका महोत्सवबाट पाठ सिक्दै यो शृङ्खलाबाट पाठ सिक्दै आगामी शृङ्खलालाई थप भव्य र सभ्य बनाउन लाग्नेसमेत बताउँछन् । "विगतको सिकाइबाट यसपटक हामीले मुस्लिम समुदायलाई समेट्ने प्रयास गर्‍यौं । एकैथलोमा धेरै विषय समेट्ने प्रयास गर्दागर्दै दलित समुदाय, यहाँका ५२ कुटी ७२ कुण्ड, सार्वजनिक सम्पत्तिमाथिको विमर्श छुटेको छ । आगामी दिनमा ती र अरू विषय समेटेर अगाडि बढ्नेछौं," चौधरीले भने ।

त्यसैगरी, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले मधेस प्रदेशमा पहिचान, सभ्यता र भाषिक उन्नयनको कुरा उठिरहेका बेला महोत्सवले स्थानीय, प्रदेश र सङ्घीय सरकारमा प्रभाव पर्न सक्ने व्यक्तिहरूको ध्यानाकर्षण गर्न सफल भएको बताए । जातीय, भाषिक र सांस्कृतिक विविधतायुक्त नेपालमा दोस्रो धेरै बोलिने मैथिली भाषा र त्योसँग जोडिएका सभ्यताको समेत संरक्षणमा सबै तहतप्कालाई जागृत गर्नु सराहनीय भएको बताउँदै नगरप्रमुख साहले कला, संस्कृति र भाषाबारेको सन्देश युवा पुस्तामा सम्प्रेषण गर्न महोत्सवले महत्त्वपूर्ण मञ्चको काम गरेको बताए ।

"नेपालका धेरै सभ्यता, मौलिक विशिष्टतायुक्त कला–संस्कृति, रहनसहनमध्ये मिथिलाको आफ्नै छुट्टै प्राचीन एवं समृद्ध परम्परा छ । त्यसको जगेर्ना गर्नु सबै तहका सरकार र अन्य सरोकारवालाहरूको दायित्व हो । महोत्सवका विभिन्न विमर्श सत्रबाट त्यो दायित्वबोध हामीलाई पनि भएको छ । त्यसै कारण मैले त कक्षा १ देखि ८ सम्म मैथिली मातृभाषाको पाठ्यक्रम लागू गर्ने प्रतिबद्धता नै जनाइसकेको छु," साहको भनाइ छ ।

मैथिली विकास कोष, प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको संयुक्त आयोजना र जनकपुरधाम उपमहानगरपालिकाको सहआयोजनामा महेन्द्रनारायण निधि संस्कृति केन्द्रमा सम्पन्न महोत्सवको यो चौथो शृङ्खला हो । महोत्सव २०७३ सालदेखि शुरू भएको थियो । चौथो महोत्सवका विधि विषयमध्ये महोत्सवको पहिलो दिन जनकपुरको रङ्गभूमि मैदान १२ बिघाबाट निकालिएको शोभायात्रामा स्वस्फूर्तरूपमा सरिक यहाँका रैथाने समुदायको उपस्थिति र झाँकीहरू साँच्चै हेर्नलायक थिए । त्यहाँ वयोवृद्धदेखि युवा, विद्यार्थी, व्यवसायी, महिला तथा बालबालिकाले आफ्नो पहिचान झल्काउने पहिरनसहित सहभागिता जनाएका थिए । त्यस लगत्तै उद्घाटन सत्रमा हिन्दू, मुस्लिम धर्मावलम्बीका आस्था झल्किने प्रस्तुति तथा तामाङ सेलो र झिझियाजस्ता नृत्यमार्फत सिङ्गो देशको चित्र देखाउने प्रयास भएको थियो । सधैं घुम्टोमा देखिने मुस्लिम धर्मावलम्बी किशोरीहरूलाई समेत सहभागी गराएपछि आयोजकको सर्वत्र प्रशंसा भइरहेको छ ।

त्यसबाहेक 'नव घर उठ्य, पुरान घर ...?' शीर्षकको विमर्शमा नेपालको राजनीतिक परिदृश्य, नयाँ दलहरूको उदय र पुराना दलहरूको उपस्थितिमाथि बृहङ्गम विमर्श भयो । त्यस्तै, अहिलेको चासो र चर्चाको विषय 'सामाजिक सञ्जाल कि जञ्जाल'माथिको विमर्शले धेरैलाई उद्वेलित गर्‍यो । जनकपुर गाथाः व्यक्ति चित्र, मिथिला मधेसः उर्वर कि जर्जर र मधेसमा नयाँ सङ्कटका रूपमा देखा परेको पानी अभावको विषय 'पानीविना अकाल पडरुलै अकाले हो राम' शीर्षकमाथिको विमर्शमा चुरेको अनियन्त्रित दोहन, अव्यवस्थित पूर्वाधार निर्माण र नागरिक सचेतनाको अभावमा मधेसले निकट भविष्यमा पानीको चरम सङ्कट भोग्नेबारे ध्यानाकर्षण गरियो ।

त्यसबाहेक मिथिलामा सीमान्त, भाषा एक नाम अनेक, मातृभाषा शिक्षा, मिथिला चित्रकलामा समकालीनता, कहिले भेटिएला प्रदेश भाषा, चौकठिसँ चानदिस, मैथिली साहित्यमा युवा लेखनजस्ता विभिन्न २० वटा विषयमा विमर्श भयो । नेपाल र भारतका कलाकारद्वारा मैथिली, नेपाली, हिन्दी, असामी र बङ्गाली गरी पाँचवटा भाषामा सातवटा नाटक प्रस्तुत गरिए ।

त्यसैगरी विमर्श र नाटक मञ्चनपछि सधैं आयोजना हुने सांस्कृतिक कार्यक्रममा नेपाल तथा भारतका थुप्रै गायक–गायिकाले भरपूर मनोरञ्जन दिए । स्थानीय सुनील मल्लिक, डा आभास लाभ, नवीन मिश्र, सङ्गीता देव, नेहा प्रियदर्शनी, स्मृति मिश्र र भारतीय कलाकारहरू रञ्जना झा, प्रिया मल्लिक, पूनम मिश्र, अमर आनन्द, जुली झालगायतले दिनहुँ राति १२ बजेसम्म गर्ने साङ्गीतिक प्रस्तुतिले जनकपुर गुन्जायमान भएको थियो । नाटक र मिथिला चित्रकला प्रदर्शनी कार्यशालाले पनि धेरैलाई रोमाञ्चित बनाएको थियो ।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा छ । मधेसले सङ्घीयताको जननीका रूपमा गौरव गर्ने गर्छ । सात प्रदेशमध्ये मधेस र मधेसीको पहिचान झल्कने गरी प्रदेशको नाम 'मधेस' र राजधानी जनकपुर राख्न सकेकामा यहाँ अझ बढी गौरवबोध छ । तर आदिमकालमा तत्कालीन मिथिलाको केन्द्रका रूपमा रहे पनि यस क्षेत्रका गौरवगाथा, इतिहास, सभ्यता र पहिचान विकास, विस्तार तथा संरक्षणमा राज्य व्यवस्थाले भूमिका नखेलेकामा ठूलो दुःख मनाउ पनि छ । त्यसै कारण पछिल्लो समय मधेस प्रदेश सरकारले यहाँको इतिहास लेखन गर्दैछ । यहाँका प्राज्ञिक मञ्चमा मिथिला कला, संस्कृति र भाषा पुनर्स्थापित गर्नुपर्नेमा निरन्तर विमर्श हुँदै आएका छन् । त्यसैको एउटा उत्कर्ष थियो– जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव । उल्लिखित विषयमाथिको निष्कर्ष र प्रतिबद्धतालाई कार्यान्वयन गर्न र गराउन सकेमा महोत्सवको ओज थप बढ्ने विश्वास गर्न सकिन्छ ।



**अझै हटेन हुस्सुः** सर्लाहीको सदरमुकाम मलङ्वामा आइतवार बिहान लागेको हुस्सु । अहिले यहाँ दिउँसो घाम लागे पनि बिहान र राति बाक्लो हुस्सु लाग्ने गरेको छ । तस्बिरः विश्वनाथ ठाकुर/रासस

## फरक समाचार

### १०७ वर्षीया हजुरआमाले जितिन् स्वर्ण पदक

भारतको दादरी निवासी १०७ वर्षीया हजुरआमा रामबाई उडनपरीको नामले प्रसिद्ध छिन् । हैदराबादमा आयोजित राष्ट्रिय प्रतियोगितामा रामबाईले




एथलेटिक्समा भाग लिई दुईवटा स्वर्ण पदक जितेर सबैलाई अचम्ममा पारेकी छन् । ११ फेब्रुअरीका दिन रामबाईले १०० मिटर दौडमा भाग लिएकी थिइन् । रामबाईकी नातिनी शर्मिला सांगवान पनि सो प्रतियोगितामा सहभागी भएकी थिइन् । त्यस्तै, उनकी छोरी ६५ वर्षीय सन्तरा देवीले पनि विभिन्न अलगअलग स्पर्धामा सहभागी भएर तीनवटा पदक हात पारे ।

रामबाईको चाहना विदेशमा दौड प्रतियोगितामा सहभागी भएर स्वर्ण पदक जित्नेछ । यसको लागि उनले पासपोर्ट बनाइसकेकी छन् । मनमा विजय र दृढ इच्छाशक्ति भएपछि उमेरले केही गर्न सक्दैन भन्ने कुरा उनले साबित गरेकी छन् । ८० वर्ष उमेर काटेपछि प्रायः बुजुर्गहरू अरूमाथि निर्भर हुन्छन् । उनीहरूको खानपानदेखि दिनचर्या पनि अरूमाथि नै निर्भर हुन्छ । तर अचम्मको कुरा रामबाईले ६ र ७ फेब्रुअरीका दिन अलवरमा आयोजित राष्ट्रिय प्रतियोगितामा सफलता हासिल गरेपछि हैदराबाद पुगिन् र त्यहाँ पनि विजयको झन्डा गाडिन् ।

हैदराबादमा ८–११ फेब्रुअरीसम्म आयोजित पाँचौं नेशनल मास्टर्स एथलेटिक्स च्याम्पियनशिपमा देशभरिका विभिन्न राज्यका खेलाडीहरू सहभागी भएका थिए । यस प्रतियोगितामा १०७ वर्षीया बुजुर्ग एथलिट रामबाईले १०५ वर्षभन्दा बढी आयु वर्गमा हरियाणाको प्रतिनिधित्व गर्दै डिस्कस थ्रो, सर्टपुटमा प्रथम स्थान हासिल गरी दुईवटा स्वर्ण पदक जितिन् । त्यस्तै, रामबाईकी सानी छोरी ६५ वर्षीय सन्तरादेवीले १५०० मिटर दौडमा रजत पदक हासिल गरिन् । उनले सर्टपुट स्पर्धामा कांस्य पदक र पाँच किलोमिटर पैदल चालमा पनि रजत पदक हासिल गरेकी थिइन् ।

उडनपरीको नामले चर्चित रामबाईकी नातिनी शर्मिला सांगवानले भनिन्– ६ र ७ फेब्रुअरीका दिन अलवर राजस्थानमा आयोजित ओपन नेशनल एथलेटिक्स प्रतियोगितामा सफलताको झन्डा गाडिन् । उनले यस प्रतियोगितामा सय मिटर दौड, सर्टपुट, डिस्कस थ्रोमा तीनवटा स्वर्ण पदक जितेकी थिइन् ।

### हृदयघात भएपछि के गर्ने ?

आजभोलि हृदयघात सामान्य रोग भइसकेको छ । जिममा कसरत गर्दा, डान्स गर्दा, पार्टी खाँदाखाँदै, अफिसमा काम गर्दागर्दै अचानक हृदयघात हुन्छ र व्यक्तिको मृत्यु हुन पुग्छ । हृदयघातबारे हरेक दिन नयाँ–नयाँ शोध भइरहेका छन् । हालै



गरिएको एउटा शोध अनुसार हृदयघात भएपछि तुरुन्तै रोगीलाई सिपिआर दिनुपर्छ । यस्तो गर्दा रोगीको बाँच्ने सम्भावना बढ्छ । हृदयघात भएको आधा घण्टा या त्यसभन्दा बढी समयपछि सिपिआर दिंदा रोगी बाँच्ने सम्भावना एक प्रतिशत कम हुन पुग्छ ।

हृदयघात भएपछि तुरुन्तै रोगीलाई सिपिआर दिनुपर्छ । सिपिआरको मतलब कार्डियो पल्मोनरी रिससिटेसन हो । सिपिआरबाट रोगीको ज्यान सजिलै बचाउन सकिन्छ । यो एक प्रकारको प्राथमिक उपचार हो । रोगीलाई सिपिआर दिंदा पूरै शरीरमा रक्त र अक्सिजनको आपूर्ति पुनः शुरू हुन्छ । यदि रोगीको सास रोकिएको छ भने समय खर्च नगरेर तुरुन्तै सीपिआर दिनुपर्छ । यसबाट उसको ज्यान बच्न सक्छ ।

बिएमजेमा प्रकाशित एउटा अमेरिकी शोध अनुसार यदि कार्डियक अरेस्टको एक मिनेटपछि कार्डियो पल्मोनरी रिससिटेसन सिपिआर दिंदा बाँच्ने सम्भावना २२ प्रतिशतसम्म हुन्छ । हृदयघात भएको ३९ मिनेटपछि सिपिआर दिंदा जीवित रहने सम्भावना एक प्रतिशत रहन्छ । मुटुको ढुकढुकी बन्द भएको ३२ मिनेटपछि मस्तिष्क क्षति हुने सम्भावना एक प्रतिशतभन्दा कम हुन्छ भने सिपिआरको एक मिनेटपछि १५ प्रतिशतसम्म बाँच्ने सम्भावना कम हुन्छ । यो कुरा अस्पतालको टीम, रोगी र रोगीको परिवारका लागि मार्गदर्शन हुन सक्छ ।

सिपिआर कसरी दिने ? हृदयघात भएपछि तुरुन्तै व्यक्तिलाई भुइँमा सुताउने, त्यसपछि दुवै हातको हत्केला एक आपसमा मिलाएर रोगीको छाती जोडले थिच्ने । छातीलाई यस प्रकार थिच्नुपर्छ कि त्यो भित्रसम्म धसोस् । छातीलाई यसरी जोडले थिच्दा शरीरमा रक्त र अक्सिजनको प्रभाव सञ्चालन हुन्छ । सिपिआर दिएपछि रोगीले पुनः सास फेर्न थाल्छ, यसपछि तुरुन्तै चिकित्सककहाँ पुर्‍याउनुपर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तान निर्वाचन: स्वतन्त्र १०१, पिएमएल–एन ७५ र पिपिपी ५४ सिटमा विजयी

इस्लामाबाद, २८ माघ/एएफपी

पाकिस्तानको निर्वाचन आयोगले सन् २०२४ को फेब्रुअरी ८ मा सम्पन्न आमनिर्वाचनको पूर्ण परिणाम आइतवार सार्वजनिक गरेको छ।



मत परिणाम ढिलो भएको भन्दै पाकिस्तानी निर्वाचन आयोगको विरोधमा पूर्व प्रधानमन्त्री इमरान खानको पार्टी जमाते–इस्लामीका कार्यकर्ताहरू नारा लगाउँदै। फोटो : एपी

पाकिस्तानको नेशनल एसेम्बली (राष्ट्रियसभा)का लागि घोषित निर्वाचन परिणाम अनुसार स्वतन्त्र उम्मेदवारले १०१, पूर्वप्रधानमन्त्री नवाज शरीफको पाकिस्तान मुस्लिम लिग–नवाजले ७५ र पूर्वविदेशमन्त्री बिलावल भुट्टो जरदारीले ५४ सिट प्राप्त गरेका छन्।

निर्वाचन परिणाममा व्यापक धाँधली भएको आरोप लगाउँदै पूर्वप्रधानमन्त्री खानको पिटिआईले आइतवार देशव्यापी विरोध प्रदर्शनको घोषणा गरेको छ।

परिणाममा लामो ढिलाइपछि सैन्य प्रतिष्ठानले धाँधली गरेको आरोप पिटिआई नेताहरूले लगाएका हुन्।

सेनाको समर्थन रहेको भनिएको पिएमएल–एनले सबैभन्दा बढी सिट प्राप्त गर्ने पार्टीको रूपमा विजय घोषणा गरेको छ। तीनपटकका पूर्वप्रधानमन्त्री नवाज शरीफले स्थापना गरेको पार्टीले सरकार गठनका लागि प्रतिद्वन्द्वी र स्वतन्त्र उम्मेदवारसँग सम्झौता गर्न बाध्य हुने देखिएको छ।

पाकिस्तानी सेनाप्रमुखले शनिवार चुनाव 'जीत र हारको शून्य योगफलको प्रतिस्पर्धा' नभएको भन्दै राजनीतिक ध्रुवीकरण अन्त्य गर्न आग्रह गरेका छन्। "अराजकता र ध्रुवीकरण'को राजनीतिबाट माथि उठ्न राष्ट्रलाई स्थिर हात र उपचारात्मक स्पर्शको खाँचो छ"–सेनाप्रमुख जनरल सैयद असीम मुनिरलाई उद्धृत गर्दै सेनाद्वारा जारी विज्ञप्तिमा भनिएको छ। रासस

## यमनी गृहयुद्धको राजनीतिक समाधानका लागि छलफल

एडेन, यमन, २८ माघ/एएफपी/रासस

यमनको राष्ट्रपतीय नेतृत्व परिषद्का अध्यक्ष रशाद अल–अलिमीले यमनका लागि संयुक्त राष्ट्रसङ्घका विशेषदूत हान्स ग्रुन्डबर्गलाई शनिवार एडेनमा स्वागत गर्दै लामो समयदेखि जारी गृहयुद्ध अन्त्यका लागि देशको राजनीतिक प्रक्रिया पुनः सञ्चालन गर्ने प्रयासबारे छलफल गरेका छन्।

यमनका नवनियुक्त प्रधानमन्त्री अहमद अवाद बिन मुबारकको समेत सहभागिता रहेको उक्त बैठकमा ग्रुन्डबर्गको हालैको क्षेत्रीय वार्ताको परिणाम र यमनमा युद्ध अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा समावेशी राजनीतिक वार्ता पुनः शुरू गर्ने उद्देश्यका साथ सहयोगीहरूसँग समन्वयात्मक प्रयासमा केन्द्रित रहेको सरकारी समाचार संस्था सबाले जनाएको छ।

अल–अलिमीले संयुक्त राष्ट्रसङ्घको मध्यस्थताले हुथी विद्रोही र उनीहरूका इरानी समर्थकहरूबाट शान्ति प्रयासप्रति गम्भीर प्रतिबद्धता प्रदर्शन गर्न शब्द मात्र होइन, ठोस कार्यलाई प्राथमिकता दिन जोड दिएका थिए।

परिषद्द्वारा आइतवार जारी सार्वजनिक विज्ञप्तिमा भनिएको छ–"ताइजमाथि हुथी विद्रोहीको घेराबन्दी अन्त्य गर्ने, कोष, सामान र सरकारी कर्मचारीको तलब प्रवाहमा लगाइएको अवरोध हटाउने, सैन्य वृद्धि र नागरिक स्थलमा हुने आक्रमण रोक्ने र यमनमा मानव अधिकार उल्लङ्घन रोक्नेलगायत विषयमा छलफल भएका छन्।"

यमन सरकारले यमनको पीडा अन्त्य गर्न र वैध शासकीय संस्थाहरूको पुनर्स्थापनाका लागि अन्तर्राष्ट्रिय प्रस्तावहरू अन्तर्गत आफ्नो जिम्मेवारी पूरा गर्न संयुक्त राष्ट्रसङ्घका राजदूतलाई सहयोग गर्न सबै सुविधा प्रदान गर्न तत्परता व्यक्त गरेको छ।

अल–अलिमीसँग भएको भेटबारे संयुक्त राष्ट्रसङ्घका विशेषदूतले एक सङ्क्षिप्त प्रेस वक्तव्यमा भने–"उनले व्यक्तिगतरूपमा तनाव कम गर्न, यमनमा हिंसामा पुनरावृत्ति हुन नदिन र राष्ट्रव्यापी युद्धविराम र संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा राजनीतिक प्रक्रिया पुनः शुरू गर्ने दिशामा प्रगतिका उपायहरूको खोजी गरिएको छ।"

ग्रुन्डबर्ग यमनमा रोकिएको शान्ति वार्ता पुनः शुरू गर्न अनुकूल वातावरण सिर्जना गर्न क्षेत्रीय सरोकारवालाहरूसँग सक्रियरूपमा संलग्न हुँदै आएका छन्।

सन् २०१४ मा इरान समर्थित हुथी समूहले यमनको राजधानी सानाबाट अन्तर्राष्ट्रिय मान्यताप्राप्त यमनी सरकारलाई सत्ताच्युत गरेपछि यमन रक्तपातपूर्ण द्वन्द्वमा फसेको छ। यमन सरकार र हुथी विद्रोहीले संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा विभिन्न चरणका शान्ति वार्तामा भाग लिए पनि दीर्घकालीन समाधान हुन सकेको छैन।

## प्यालेस्टिनीहरूलाई 'सुरक्षित मार्ग' दिने प्रतिबद्धता

प्यालेस्टिनी क्षेत्र, २७ माघ /एएफपी

गाजाको दक्षिणी शहर रफाहमा इजरायली आक्रमणपूर्व इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले विस्थापित प्यालेस्टिनी नागरिकहरूलाई 'सुरक्षित मार्ग' दिइने बताएका छन्।

नेतन्याहूले आइतवार प्रसारित एक अन्तर्वार्तामा हमासविरुद्ध इजरायलको सैन्य अभियानलाई रफाहसम्म विस्तार गर्ने बताएका छन्।

गाजापट्टीको २४ लाख जनसङ्ख्यामध्ये आधाभन्दा बढी जनसङ्ख्या भएको ठाउँमा नरसंहार हुन सक्ने अन्तर्राष्ट्रिय चेतावनीका बावजूद नेतन्याहूले एबिसी न्यूजसँग भने–"हामी हमासविरुद्ध अभियान रफाहमा विस्तार गर्न गइरहेका छौं।"

उनले भने–"हामी प्यालेस्टिनी नागरिकको लागि सुरक्षित मार्ग प्रदान गर्दै कारबाई अगाडि बढाउनेछौं, जसले उनीहरू सुरक्षित अन्यत्र जान सकून्।"

यद्यपि, इजिप्टसँगको सिमानामा थुनिएका र अस्थायी टेन्टमा आश्रय लिएका ठूलो सङ्ख्याका मानिस कहाँ जान सक्छन् भन्ने कुरा स्पष्ट हुन सकेको छैन।

नेतन्याहूले 'विस्तृत योजनामा काम गरिरहेको' बताएका थिए।

सैनिकहरूले अझै प्रवेश नगरेको तर दैनिकजस्तो नै हवाई आक्रमण भइरहेको गाजाको रफाह क्षेत्रमा हमासविरुद्ध कारबाईका लागि इजरायली सेना प्रवेश गर्न लागेको हो।

प्यालेस्टिनी मोहम्मद सैदामले शनिवार इजरायली आक्रमणबाट प्रहरीको एउटा गाडी ध्वस्त भएपछि भने–"विस्थापित गाजावासीले रफाह सुरक्षित छ भनेका थिए तर त्यो सुरक्षित छैन। सबै ठाउँलाई निशाना बनाइएको छ।"

रफाहबाट हमासको 'बटालियन' खाली नगरी हमासमाथि 'विजय' हासिल गर्न नसकिने दाबी गर्ने इजरायली प्रधानमन्त्रीले शुक्रवार आफ्नो सेनालाई कारबाईको तयारी गर्न निर्देशन दिएका थिए।

उनको यो घोषणा विश्वका नेता र सहायता समूहहरूका लागि चिन्ताको विषय बनेको छ।

"गाजाका मानिसहरू हावामा हराउन सक्दैनन्"–जर्मन विदेशमन्त्री एनालेना बेयरबोकले सामाजिक सञ्जाल एक्समा लेखेका छन्–"रफाहमाथि इजरायली आक्रमण भयो भने त्यो 'मानवीय विपत्ति' हुनेछ।

साउदी अरबको विदेश मन्त्रालयले शनिवार रफाहमाथि आक्रमणको 'गम्भीर परिणाम' आउने चेतावनी दिँदै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को तत्काल बैठक बोलाउन आह्वान गरेको छ भने बेलायती विदेशमन्त्री डेभिड क्यामरूनले सम्भावित आक्रमणप्रति 'गम्भीररूपमा चिन्तित' बनेको बताएका छन्।

उनले लेखेका छन्–"सहायता प्राप्त गर्न र बन्धक बनाइएकाहरूलाई बाहिर निकाल्न लडाइँमा तत्काल विराम लगाउनु प्राथमिकता हुनुपर्छ।" रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | मनोरञ्जन | वृष | सफलता |
| मिथुन | राज्यलाभ | कर्कट | वादविवाद |
| सिंह | व्यापारवृद्धि | कन्या | शत्रुपराजय |
| तुला | ज्ञानोदय | वृश्चिक | भयचिन्ता |
| धनु | मित्रमिलन | मकर | अतिथिआगमन |
| कुम्भ | सुयश | मीन | व्यर्थभ्रमण |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**तरकारी बजार** : दाङको घोराही उपमहानगरपालिका–१५ स्थित अमृतटोलमा उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको कृषि उपज बिक्री केन्द्रमा आइतवार बिहान तरकारी किनेमेल गर्दै नगरवासी। कृषि उपज बिक्री केन्द्रमा किसानले उत्पादन गरेका कृषि उपज प्रतिदिन १० रुपियाँ तिरेर बिक्रीका लागि बस्ने गर्छन् भने नगरवासीलाई गाउँको ताजा तरकारी किनमेलका लागि सहज भएको छ। तस्वीर : कुलदीप न्यौपाने/रासस

## छोराछोरीको हत्या गरी चार तलाबाट हाम्फालेर आमाले आत्महत्या गरेको आशङ्का

काठमाडौं, २८ माघ/रासस

ललितपुरको इमाडोलमा छोरा र छोरीको मृत्यु भएको केही घण्टापछि घरको चार तलाबाट हाम्फालेकी आमा ३६ वर्षीया रविना महर्जनको समेत गएराति मृत्यु भयो।

उक्त घटनाको प्रारम्भिक अनुसन्धानमा छोराछोरीलाई पहिले केही वस्तुले सास थुनेर हत्या गरी महर्जनले आत्महत्या गरेको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ।

जिल्ला प्रहरी परिसर ललितपुरका प्रहरी उपरीक्षक नवराज कार्कीले घटनाको प्रकृति हेर्दा उनले नै छोराछोरीको हत्या गरी त्यसपछि घरको चार तलाबाट हाम्फालेर आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानका क्रममा देखिएको जानकारी दिए। शव परीक्षणको रिपोर्टपछि मृत्युको यकीन कारण भन्न सकिने उनको भनाइ छ।

उनले घटनाका कारणबारे सबै कोणबाट अनुसन्धान शुरू भएको जानकारी दिए। उक्त घटना शनिवार अपराह्न २ बजेतिरको हो।

महर्जनले घरको चार तलाबाट हाम्फालेकी थिइन्। छिमेकीहरूले देखेपछि तत्काल प्रहरीलाई खबर गरी उपचारका लागि अस्पताल लगियो। घरभित्र जाँदा दुई बालबालिका अचेत भेटिएपछि उनीहरूलाई पनि अस्पताल लगिएको थियो।

छ वर्षीय बालक र दुई वर्षीया बालिका (महर्जनका छोराछोरी)लाई शनिवार साँझ ५:२५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए। राति ९:३५ बजे उनको पनि मृत्यु भयो।

अहिले शव परीक्षणका लागि शिक्षण अस्तपालमा पठाइएको छ। अनुसन्धानमा सहभागी एक प्रहरी अधिकृतले तकियाले बालबालिकाको मुख थुनेर हत्या गरी उनले आत्महत्या गरेको देखिएको बताएका छन्।

फरेन्सिक ल्याबका चिकित्सकले पनि बच्चाको सास रोकिएर नै ज्यान गएको बताएका ती अनुसन्धान अधिकृतले बताए। उनले भने, "तर रिपोर्ट नआई हामीले कारण यो नै हो भन्न सक्दैनौं।"

**हाम्फाल्ने क्रममा सासू पनि छतमै थिइन्**

घटना हुँदा महर्जनकी सासू छतको अर्को कुनामा थिइन्। उनी अलि बिरामी भएकाले धेरै हिंड्डुल गर्न सक्दिनन्। रविना छतको बार चढ्न लाग्दा सासूले किन त्यहाँ गएको भनेर सोधेकी र उनले कपडा झरेकाले लिन लागेको जवाफ दिएकी थिइन्। "जान हुँदैन भन्दाभन्दै बार चढेर गएकी थिइन्, हाम्फाल्न पो रहेछ," सासूलाई उद्धृत गर्दै ती अनुसन्धान अधिकृतले बताए। उनले यसअघि कोठामा ढोका बन्द रहेको र ढकढक गर्दा समेत नखोलेको प्रतिक्रिया दिएको बताइएको छ।

उनका पतिको साउन्ड सिस्टमको व्यवसाय छ। शनिवार महालक्ष्मी नगरपालिकाको कामको तयारीका लागि उनी घरबाट गएका थिए। रविनाले हाम्फाल्नुअघि उनीसँग थोरै कुराकानी भएको थियो। २ बजेतिर फोन गरेर रविनाले कता हुनुहुन्छ भनेर पतिलाई सोधेकी थिइन्। पतिले ३ बजे काम सकिन्छ र घर आउँछु भन्ने जवाफ दिएर फोन राखेको प्रहरीसँग बताएका छन्। त्यसपछि उनले आत्महत्या गरेको हुन सक्ने प्रहरीले बताएको छ।

पारिवारिक बेमेल केही देखिएको छैन। कहिलेकाहीं सामान्य झैंझगडा भएपनि ठूलो रिसराग नदेखिएको प्रहरीले बताएको छ। धेरै नबोल्ने महिला भएकाले कुनै कुण्ठा पो थियो कि भनेर त्यसतर्फ पनि अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। प्रहरीले यो घटनाको अनुसन्धान थालेको छ।

## 'सहकारीका समस्या समाधानमा राज्यको भूमिका कमजोर'

काठमाडौं, २८ माघ/रासस

पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका समस्या समाधानमा राज्य संयन्त्र र सहकारी अभियान दुवैका तर्फबाट पर्याप्त पहल नभएको धारणा सहकारीकर्मीले व्यक्त गरेका छन्। नियमित नियमन तथा सम्बद्ध पक्षसँग सहकार्य गर्न सके अहिले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान हुने धारणा उनीहरूको छ।

बाग्मती प्रोस्कुनको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोग र नेपाल सहकारी पत्रकार समाज (सेजोन)को व्यवस्थापनमा आइतवार भएको 'सञ्चारकर्मीका लागि वित्तीय बुझाइ अभिवृद्धि तालीम'का क्रममा सहकारीकर्मी तथा यस क्षेत्रका जानकारबाट यस्तो धारणा आएको हो।

बाग्मती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ (बाग्मती प्रोस्कुन)का अध्यक्ष उद्धव सापकोटाले सहकारीमा समस्या आउँदा राज्यले सहयोग गर्नुपर्ने धारणा राखे। सङ्कटको समयमा राज्य र सहकारी अभियान दुवैको सहकार्यमा समस्या समाधानका लागि पहल हुनु आवश्यक रहेको उनले बताए। सहकारीको सिद्धान्त परिपालना गरेर समुदाय र सदस्य केन्द्रित भएर सञ्चालित सहकारी संस्थाको वित्तीय स्वास्थ्य अहिले पनि निकै राम्रो रहेको उनको दाबी छ। सहकारी संस्था र यसको सिद्धान्त तथा अवधारणाप्रतिको बुझाइमा पनि समस्या रहेको उनले औंल्याए।

"सरकारीका कर्मचारी र जनप्रतिनिधिमा सहकारीप्रतिको बुझाइमा एकरूपता नहुँदा पनि समस्या देखिएको छ," उनले भने, "विश्वका कतिपय देशले सहकारीमार्फत नै आर्थिक तथा सामाजिक रूपान्तरण राम्रा उदाहरण छन्। नेपालमा पनि सहकारीले आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्।" शहरी क्षेत्रमा रहेका केही ठूला र सहकारी मूल्य, मान्यता तथा सिद्धान्तभन्दा बाहिर गएर काम गरेका सहकारीमा मात्र अहिले समस्या आएको उनले बताए। बदमाशी गर्ने सहकारी संस्थाका सञ्चालकलाई संरक्षण गर्ने नभई तत्काल कारबाही गर्न सके सहकारीप्रति आम मानिसको विश्वास बढ्ने उनको बुझाइ छ।

बाग्मती प्रोस्कुनका महासचिव जिवसराज खड्काले सहकारीको अवधारणा र यस क्षेत्रप्रतिको बुझाइमा एकरूपता कायम हुन सक्नुपर्ने बताए। केही बदमाशी गर्ने सहकारीका कारण समग्र क्षेत्र नै बदनाम भएको र चौतर्फीरूपमा आरोप लागेको उनको भनाइ छ। नेपालले अवलम्बन गरेको तीन खम्बे अर्थनीतिको एउटा महत्त्वपूर्ण खम्बाका रूपमा रहेको सहकारी क्षेत्र क्षेत्रलाई हेर्ने, विश्लेषण गर्ने र सहकारीको अवस्था एव योगदानको सही विश्लेषण नभएको समेत उनको धारणा छ। सबै सहकारी समस्यामा नरहेकोसमेत उनले स्पष्ट पारे।

**नेपाली ...**

दिए। उनले पत्रकारितामा देखिएका चुनौतीको मिलेर सामना गर्नुपर्ने भन्दै समितिले आफ्नो अधिकारको सीमितता र बाधा अड्चनका बावजूद पारिश्रमिक वृद्धिका लागि काम गरिरहेको समेत दाबी गरे।

पत्रकार, पत्रकारिता र राजनीतिसँगै नेपाल पत्रकार सङ्घदेखि महासङ्घसम्मका विषय समेटेर तयार पारिएको उक्त पुस्तकको नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)ले असहमति जनाएको छ। फोनिजले महासङ्घका संस्थापक एवं पत्रकार सत्यनारायणबहादुर श्रेष्ठलाई पनि उक्त पुस्तकमा समेट्नुपर्ने माग गर्दै विमोचन कार्यक्रममा असहमति जनाएको थियो।

"२००८ सालमा पत्रकार सत्यनारायणबहादुर श्रेष्ठले पत्रकारलाई सङ्गठित गर्दै संस्था स्थापना गर्नुभयो। तर महासङ्घले श्रेष्ठपछिका कृष्णप्रसाद भट्टराई, जो २०१२ सालमा अध्यक्ष हुनुभएको थियो, उहाँलाई मात्र राखेको छ। हामीले यस विषयमा रिभ्यू गर्न ध्यानाकर्षणपत्र बुझाएका थियौं," फोनिजका अध्यक्ष गजुरधन राईले भने, "सिङ्गो पत्रकार महासङ्घको जिउँदो इतिहासलाई गलत ढङ्गले पछि धकेल्ने काम भएको छ।"

# सरस्वतीपूजामा विद्यार्थीलाई पोशाक अनिवार्य

नितेश कर्ण, वीरगंज, २८ माघ/

सर्लाही जिल्लामा मानव अधिकार रक्षक सञ्जालले बसाएको सर्वदलीय बैठकले सरस्वतीपूजाका दिन विद्यार्थी, शिक्षकहरूलाई अनिवार्यरूपमा पोशाक लगाउन र सो दिन अश्लील गीत नबजाउन सर्वसम्मतले निर्णय गरेको छ।

सञ्जालका अध्यक्ष मुकेश मिश्रको अध्यक्षतामा आइतवार बसेको बैठकमा पत्रकार, मानव अधिकारकर्मी, नागरिक समाजलगायतको सहभागिता थियो ।

सरस्वतीपूजा मनाउने क्रममा गैरविद्यार्थीहरूका कारण विकृति बढिरहेको बैठकले ठहर गर्दै यसलाई नियन्त्रण गर्न सबै विद्यालयमा विद्यार्थी र शिक्षकहरूले पोशाक लगाउनुपर्ने निर्णय गरेको हो। यसबाट परम्परागत विकृति केही नियन्त्रण हुने बैठकको ठहर छ।

यसैगरी, पूजाको दिन शैक्षिक संस्थाहरूमा नकारात्मक प्रभाव पार्ने अश्लील गीतसङ्गीत नबजाउन पनि अनुरोध गरेको छ । यी दुई चीजको अनुगमनका लागि मिश्रको संयोजकत्वमा ११ सदस्यीय अनुगमन टोली निर्माण गरिएको छ।

यसैगरी, बैठकले सरस्वतीपूजाका सबै गतिविधि साँझ ५ बजेसम्म सम्पन्न गर्ने र सभ्य, सुन्दर गीतसङ्गीत बजाएर मूर्ति विसर्जन गर्ने निर्णय गरेको छ। सर्लाहीमा गत वर्ष सरस्वतीपूजा मूर्ति विसर्जनको विषयलाई लिएर ठूलो बबाल सिर्जना भएको थियो र कर्फ्यू पनि लगाइएको थियो । सोहीलाई मध्यनजर गरेर यसपटक यो निर्णय गरिएको हो।

# विकास निर्माणको अनुगमन



प्रस, पोखरिया, २८ माघ/

विन्ध्यवासिनी गाउँपालिकाकी उपाध्यक्ष ज्योति चौरसिया नेतृत्वमा आइतवार पालिकास्तरमा निर्माण भइरहेको नदीको तटबन्ध र मन्दिर निर्माणको अनुगमन भएको छ।

वडा नं ५ प्रसौनीस्थित गाद नदीमा रु पाँच लाखको लागतमा तटबन्ध निर्माण कार्य भइरहेको छ। अहिलेसम्म ९० प्रतिशत कार्य सम्पन्न भइसकेको पाइएको अनुगमनमा रहेका प्रमुख प्रशासकीय अधिकृत राकेश ओझाले बताए। यसैगरी, वडा नं १ विश्रामपुरमा निर्मित मन्दिरको पनि अनुगमन गरिएको थियो। मन्दिर निर्माणको लागि विनियोजित बजेट अपुग भएपछि अहिले ६० प्रतिशत काम पूरा भएर अधुरो अवस्थामा छ । यस वर्ष बजेट विनियोजन नभएकोले काम अधुरो भएको र आगामी वर्ष यो शीर्षकमा बजेट विनियोजन गरेर काम पूरा गर्ने गापाध्यक्ष चौरसियाले बताइन्।


## विद्यार्थी चढ्ने सवारीसाधन सञ्चालन गर्दा ध्यान दिऔं

- सवारीसाधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारीसाधन पुर्‍याऔं,
- सवारीसाधन चलाउनुअगाडि चेकजाँच गरौं,
- तोकिएको स्थानमा मात्र विद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारीसाधन पूर्णरूपमा रोकिसकेपछि मात्र विद्यार्थीहरूलाई चढाऔं र ओरालौं,
- विद्यार्थीहरू सिटमा बसिसकेपछि मात्र सवारीसाधन गुडाऔं,
- विद्यार्थीहरूले शरीरका अङ्गहरू सवारीसाधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारीसाधनमा सहचालक अनिवार्य राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## मिर्चैया नगरपालिकामा तोडफोड

गोलबजार (सिराहा), २८ माघ/रासस

सिराहाको मिर्चैया नगरपालिका आइतवार मध्याह्न १२ बजेतिर केही उच्छृङ्खल व्यक्तिबाट कार्यालयमा तोडफोड भएको छ।

नगरप्रमुख श्रवण यादवले घटनाको घोर भर्त्सना गर्दै कारबाहीका लागि स्थानीय प्रशासनसमक्ष माग गरेका छन्।

"मिर्चैया नगरपालिका–३ का अध्यक्ष पवित्रीदेवी यादवका पति खगेश्वर गोहीवार यादवसहित करीब ३०/४० जनाको समूहमा आएका उच्छृङ्खल व्यक्तिले अन्धाधुन्ध ढुङ्गामुढा गर्न थालेपछि यस कार्यालयको झ्याल, ढोका, सिसिटिभी क्यामेरा, कम्प्युटर, मोटरसाइकललगायत महत्वपूर्ण सामग्री नष्ट भएको छ," नगरपालिकाले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

कुनै किसिमको माग नै नराखी यस नगरपालिकाभन्दा बाहिरका व्यक्तिलाई समेत सहभागी गराइ आतङ्ककारी शैलीमा कर्मचारीलाई कुटपिट गर्ने मनसायले आक्रमण गरिएको नगरप्रमुख यादवले बताएका छन्।

**भूमिहीनलाई निस्सा वितरण**

सिराहाको लहान नगरपालिका–१५ का ७७६ घरपरिवार भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गाप्राप्तिका लागि लहान नगरपालिकाले नापनक्शाको निस्सा वितरण गरेको छ।

निस्सा वितरण कार्यक्रममा नगरप्रमुख महेश चौधरी, उपप्रमुख रामचलितर महतो, भूमि आयोगका अध्यक्ष रामअधीन यादव सहभागी थिए। भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई केही महीनाभित्रै सबैले लालपुर्जा प्रदान गरिने नगरप्रमुख चौधरीले जानकारी दिए।

# खेलकूदको संसार

## प्रिमियर कप क्रिकेटः नेपालको दोस्रो जित

काठमाडौं, २८ माघ/रासस

एसिसी महिला प्रिमियर कप क्रिकेट–२०२४ अन्तर्गत आइतवार भएको खेलमा नेपालले भुटानलाई आठ विकेटले


तस्वीरः एजेन्सी

पराजित गर्दै विजयी भएको छ।

मलेशियाको बायोमास ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले भुटानलाई हराउँदै प्रतियोगितामा लगातार दोस्रो जीत निकालेको हो।

पहिलो खेलमा नेपालले हङकङलाई आठ विकेटले पराजित गरेको थियो। यस जीतसँगै नेपालको दुई खेलमा चार अङ्क भएको छ। भुटानले प्रस्तुत गरेको ६६ रनको लक्ष्य नेपालले ११ दशमलव पाँच ओभरमा दुई विकेट गुमाउँदै पूरा गर्‍यो।

नेपालका लागि सीता रानामगरले अविजित ३२ रन बनाइन्। त्यस्तै, रुबिना क्षेत्रीले १७ रन बनाइन्। तेस्रो विकेटका लागि सीता र रुबिनाले अविजित ४८ रनको साझेदारी गरेका थिए।

कविता कुँवरले पाँच रन बनाइन् भने इन्दु बर्मा एक रनमा आउट भइन्। भुटानका लागि अञ्जु गुरुङ र अञ्जुली घलेले समान एक/एक विकेट लिए।

यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको भुटानले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै ६५ रनको योगफल बनाएको थियो। भुटानका लागि नवाङ छोडेनले सर्वाधिक २५ रन जोडिन् भने, कप्तान डिचेन वाङ्मोले १७ रन बनाइन्। त्यस्तै, छिडी जाङ्मोले १६ रन बनाइन्।

नेपालका लागि कविता कुँवर, सीता रानामगर, कविता जोशी र कप्तान इन्दु बर्माले समान एक/एक विकेट लिए। नेपालले समूह चरणको अन्तिम खेल आगामी फागुन १ गते माल्दिभ्सको सामना गर्नेछ।

## प्रदेश अन्तरपालिका भलिबलको उपाधि दमक र षडानन्दलाई

टक्सार (भोजपुर), २७ माघ/रासस

'सुन्दर प्रकृति र स्वर्गरूपी मेरो देश, खेलकूदमार्फत पर्यटनको सन्देश' नाराका साथ षडानन्द नगरपालिकाको केन्द्र दिङ्लामा सञ्चालन भएको कोशी प्रदेश अन्तरपालिकास्तरीय भलिबलको उपाधि दमक नगरपालिका र षडानन्द नगरपालिकाले जित्न सफल भएको छ।

शनिवार भएको प्रतिस्पर्धात्मक खेलको अन्तिम चरण 'लाइट प्रोटेस्ट'का कारण स्थगित भएपछि आयोजक र खेलाडी टोलीबीच भएको छलफल अनुसार दुवै टोलीलाई विजयी घोषित गरिएको आयोजक जिल्ला खेलकूद विकास समितिका प्रमुख गेल्जेन शेर्पाले जानकारी दिए। विजेताले रु डेढ लाख र उपविजेताले एक लाख पाउने भएपनि दुवै टोलीलाई विजेता बनाइएपछि रु सवा लाखका दरले नगदसहित पदक तथा प्रमाणपत्र वितरण गरिएको थियो।

यस्तै, प्रतियोगिता अन्तर्गत उत्कृष्ट छ विधामा खेलाडीले रु पाँच हजारका साथै पदक तथा प्रमाणपत्र पाए। विजेताहरूलाई पूर्वमुख्यमन्त्री तथा प्रदेश सांसद राजेन्द्रकुमार राईलगायतले पुरस्कार वितरण गरेका थिए।

गत २४ गतेदेखि शुरू प्रतियोगितामा प्रदेशभित्रका षडानन्द नगरपालिका भोजपुर, आमचोक गाउँपालिका भोजपुर, साल्पासिलिछो गाउँपालिका, बेलबारी नगरपालिका मोरङ, भोजपुर नगरपालिका, टेम्केमैयुङ गाउँपालिका, दमक नगरपालिका र रामप्रसाद राई गाउँपालिका गरी आठ टोलीले सहभागिता जनाएका थिए।

## वर्षको उत्कृष्ट प्रशिक्षकको अवार्ड : एथलेटिक्सका चन्द्र गुरुङलाई

काठमाडौं, २८ माघ/रासस

एथलेटिक्सका चन्द्र गुरुङले यस वर्षको उत्कृष्ट प्रशिक्षकको अवार्ड हात पारेका छन्।

नेपाल खेलकूद पत्रकार मञ्चको आयोजनामा भएको २०औं संस्करणको एनएसएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड अन्तर्गत गुरुङले उत्कृष्ट प्रशिक्षकको अवार्ड हात पारेका हुन्। अवार्डको शीर्ष तीन मनोनयनमा परेका बक्सिङका दीपक महर्जन र क्रिकेटका जगत टमटालाई पछि पार्दै उनले अवार्ड हात पारेका हुन्। उनले १६औं एशियाली क्रसकन्ट्री च्याम्पियनशिपमा नेपाललाई दुई स्वर्ण पदक दिलाएका थिए। त्यस्तै, उनकै प्रशिक्षणमा बङ्गबन्धु शेख मुजिब ढाका म्याराथनमा पनि नेपालले एक स्वर्ण र दुई कांस्य पदक जितेको थियो।

पहिलो ओलम्पियन भारोत्तोलनका राजेन्द्रकुमार प्रधानलाई 'लाइफ टाइम एचिभमेन्ट अवार्ड' प्रदान गरिएको छ। ६९ वर्षीय उनले ५५ वर्ष भारोत्तोलनको विकासका निम्ति उल्लेखनीय योगदान गरेका छन्।

वर्षको उत्कृष्ट युवा खेलाडीको अवार्ड क्रिकेटका देव खनाललाई प्रदान गरिएको छ। मनोनयनको शीर्ष तीनमा रहेका एथ्लेटिक्सका राममाया बूढा र बक्सिङका सुषमा तामाङलाई पछि पार्दै राष्ट्रिय टोलीका ब्याट्सम्यान देवले युवा खेलाडीको पुरस्कार जितेका हुन्। खनालकै नेतृत्वमा नेपालको युवा टोलीले आठ वर्षको प्रतीक्षापछि आइसिसी यु–१९ क्रिकेट विश्वकपमा सहभागिता जनाएको थियो। उनकै नेतृत्वको टोलीले एशिया क्षेत्रीय छनोटको च्याम्पियन भएर प्रतियोगितामा स्थान सुरक्षित गरेको थियो।

पोखराका फोटो पत्रकार सुदर्शन रञ्जीतले 'स्पेशल अवार्ड' प्राप्त गरेका छन्। उनले चार दशकअघिदेखि पोखरामा भएका विभिन्न खेल गतिविधिका तस्विर खिच्दै आएका छन्। मध्यम तथा लामो दूरीकी धाविका राजपुरा पछाइले उत्कृष्ट महिला खेलाडीको उपाधि पाएकी छन्। उनले एशियाली क्रसकन्ट्रीको महिला १० किमी र 'टीम इभेन्ट'मा दुई रजत पदक जितेकी थिइन्। पछाइले मनोनयनको शीर्ष तीनमा परेका धाविका पुष्पा भण्डारी र राष्ट्रिय महिला बास्केटबल टीमकी उपकप्तान अनुशा मल्ललाई पछि पार्दै उपाधि जितेकी हुन्।

यसैगरी, वर्षको उत्कृष्ट पुरुष खेलाडीको उपाधि एथ्लेटिक्सका दीपक अधिकारीले पाएका छन्। उनले शीर्ष तीनको मनोनयनमा परेका राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेल र आसिफ शेखलाई पछि पारेका हुन्।

टेबलटेनिसकी सिक्का सुवाल श्रेष्ठले 'पिपल्स च्वाइस अवार्ड' प्राप्त गरिन्। पिपल्स च्वाइस मनोनयनमा परेका पाँच खेलाडीमध्ये सबैभन्दा धेरै मत पाएर उनले यो अवार्ड जितेकी हुन्। अवार्डको मनोनयनमा फूटबलर अनन्त तामाङ, भलिबलका निरुता ठगुन्ना, कराँतेका विप्लवलाल श्रेष्ठ र बडिबिल्डिङकी रजनी श्रेष्ठ थिए।

पारा ओलम्पियन मैया विशुङ्खेले पारा एथलिट सम्मान हासिल गरिन्। एथलेटिक्समा अब्बल उनी सन् २००६ मा राष्ट्रिय च्याम्पियनशिपमा सहभागी भएकी थिइन्। त्यति बेला नै उनले स्वर्णपदक जितेकी थिइन्।

यसैगरी अन्तर्राष्ट्रिय खेलकूद पत्रकार महासङ्घ (एआइपिएस)को युवा पत्रकार प्रशिक्षण कार्यक्रम वाइयसआरका प्रमुख मेन्टर हङकङ स्पोर्ट्स प्रेस एशोसिएशनका अध्यक्ष रेमन्ड एशियाली खेलकूद पत्रकार सम्मानबाट सम्मानित भए।

वर्ष खेलाडी पुरुष, महिला, पिपल्स च्वाइस, प्रशिक्षक र युवा खेलाडीले पुरस्कारस्वरूप पल्सर मोटरसाइकल प्राप्त गरेका छन्। त्यस्तै, अन्य विधाका विजेताले भने जनही रु ५० हजार प्राप्त गरे।